# आव २०८३/८४ को बजेटको लागि
# नेपाल उद्योग वाणिज्य महासंघको
# तीन महले सुझाव

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| **सुशासन र डिजिटल सेवा प्रवाह** | | | | |
| १. | नभएको | नागरिक एपलाई विस्तार गरी **व्यवसाय** नामक छुट्टै आइकन थपी यसमा व्यवसाय दर्ता, नविकरण देखि बन्द र त्यसपछि गरिने समायोजनसम्मका सम्पूर्ण कामहरु यसैबाट हुने व्यवस्था गरिनुपर्छ। | सुशासन अभावको कारणले सृजित आम निराशालाई युवाहरुलाई व्यवसायप्रति आकर्षित गर्दै उद्यममैत्री संस्कृती विकास गर्न पारदर्शी, द्रुत र अनुभुतीयोग्य सुशासनको आवस्यक भएकोले। | सुशासन अभावको कारणले सृजित आम निराशामा सुधार भई युवाहरु व्यवसायप्रति आकर्षित हुनुको साथै स्वदेशमै स्वरोजगारी सृजनाको लागि अनुकुल वातावरण सृजना हुने। |
| २. | नभएको | सालबसाली रुपमा व्यवसाय नविकरण गर्नुपर्ने व्यवस्था खारेज गरिनु पर्ने। | व्यवसाय सञ्चालन गरी नियमित राजस्व बुझाएको भएमा व्यवसाय अस्तित्वमा रही सञ्चालन भई रहेको पुष्टि हुने भएकोले सोही आधारमा स्वत: नविकरणको व्यवस्था गरिनु पर्दछ। | नियमानुसार तिर्नु पर्ने राजस्व वुझाएपछि पनि व्यवशाय नविकरण गर्न हाल विभिन्न निकायमा धाउनु पर्ने समस्या अन्त्य भई व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्ने। |
| ३. | नभएको | एकिकृत स्वचालित प्रणाली कार्यान्वयनमा नआउने समयसम्म लघु, घरेलु तथा साना उद्यमीले व्यवसायको दर्ता र राजस्व बुझाउने व्यबस्था स्थानीय वडा कार्यालय एक ठाउँमा गरे पुग्ने व्यवस्था। | एकिकृत स्वचालित प्रणाली तयार गर्न समय लाग्ने भएकोले सो अवधिसम्मको लागि व्यवशाय दर्ता सम्वन्धि कार्य स्थानीय वडाको एक स्थानमा मात्र गर्ने गरी लघु, घरेलु तथा साना व्यवशाय दर्ता प्रक्रिया सरलीकृत गर्न। | व्यवशाय सञ्चालनको लागि दर्ता प्रक्रिया शुरु गर्ननै विभिन्न निकाय धाउनु पर्ने विद्यमान झन्झटिलो व्यवस्था हटी व्यवशायको स्थापना र विस्तार गर्न सहज हुने। |
| ४. | नभएको। | आर्थिक कसुरमा फौजदारी कसुर सरह कैद सजाय नगरी आर्थिक जरिवाना गर्ने व्यवस्था गरिनु पर्दछ। | अन्तरराष्ट्रिय असल अभ्यास अनुसार आर्थिक कसुर र फौजदारी कसुरमा भिन्नता कायम गरी आर्थिक कसुरमा आर्थिक जरिवाना मात्र गर्ने कानुनी व्यवस्था गर्न। | व्यवशायमैत्री वातावरण सृजना भई लगानी बढ्ने र यसले समग्र आर्थिक गतिविधि विस्तार गर्न सहयोग पुग्ने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ५. | नभएको | उधारो कारोबार सम्बन्धी कानुन (Recovery Act) निर्माण हुनु पर्ने । | व्यवसायीको धेरैजसो कारोबार उधारोमा हुने र कतिपय भुक्तानी ढिलो प्राप्त हुने वा हुँदै नहुने भएकोले बजारबाट उधारो उठाउन आवस्यक कानुनी व्यवस्था गर्न । | उधारो उठाउने सम्वन्धि कानुनी व्यवस्था भएमा बजारमा बाँकि रकम उठाउन कानुनी आधार हुने भएकोले व्यवशायिक वातावरण सृजना भई स्वस्थ्य कारोवार वृद्धि हुने । |
| ६. | कार्यान्व्यनमा नरहेको | सार्वजकि सेवा प्रवाहमा संलग्न निकायहरुमा डिजिटल हस्ताक्षर प्रणाली अनिवार्य रुपमा कार्यान्वयन गरिनु पर्दछ । | नेपालमा डिजिटल हस्ताक्षर प्रणाली कानुनीरुपमा शुरु भईसके पनि सार्वजनिक सेवा प्रवाह विन्दुमा हालसम्म अनिवार्य नगरिएकोले सेवा प्रवाह सुस्त भएको हुँदा यसलाई प्रभावकारी बनाउन । | सेवा प्रवाह चुस्त दुरुस्त भई सेवाग्राही लाभान्वित भएको हुने । |
| ७. | नभएको | सार्वजनिक सेवा प्राप्तिको लागि नागरिकले सम्वन्धित निकायहरुमा पेश गर्नु पर्ने वैयक्तिक विवरणको अभिलेख भण्डारणको लागि अधिकारप्राप्त निकाय स्थापना गरि सम्वद्ध निकायहरुलाई स्वउपयोगको लागि आवस्यक पर्ने विवरण त्यही निकायबाट लिने व्यवस्था गरिनु पर्दछ। | नागरिकहरुले सरकारी लगायत विभिन्न संघसंस्थाबाट प्रदान गरिने सेवा प्राप्तीको लागि वैयक्तिक विवरण लगायतका अन्य थुप्रै कागजातहरु पटक पटक पेश गर्नु पर्ने श्रृंखलाबद्ध झन्झटको अन्त्य गरी सुशासन र सदाचार देखिने गरी कार्य गर्न । | सर्वसाधरणको लागि सरकारी लगायत विभिन्न संघसंस्थाबाट प्रदान गरिने सेवा सुलभ र सहज भई नागरिकले दैनिक भोग्दै आएका प्रशासनिक झमेला र ढिलासुस्तीबाट मूक्त हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| **आर्थिक रुपान्तरणका लागि लगानी अभियान** | | | | |
| ८. | नभएको | व्यावसायिक वातावरण सुधार र लगानी अभिबृद्धि सम्वद्ध सवै कानुनमा सामयिक सुधार गरी लगानी र विकास सम्वन्धि छुट्टै एकिकृत लगानी संहिता ल्याउनु पर्ने । | लगानी अभिबृद्धि र सुशासन प्रवर्द्धन संवन्धि धेरै ऐन संशोधन भए पनि अझै भुमी, बन, बातावरण, सार्वजनिक खरिद लगायत लगानी बाधकको रुपमा रहेका कानुनहरुमा समसामयिक संशोधन हुन सकेको छैन । धेरै ऐनमा छरिएर रहेका लगानी अभिबृद्धि र सुशासन संवन्धि व्यवस्थालाई समेटी एकिकृत संहिता मार्फत लगानीकर्ताहरुलाई लगानी सम्वद्ध सबै ऐन कानुन र कार्यविधिहरु सुलभ र सहज बनाई लगानी प्रवर्द्धन गर्न। | व्यावसायिक वातावरण सुधार र लगानी अभिबृद्धि सम्वद्ध सवै कानुनमा समसामयिक सुधार भई लगानी र विकास सम्वन्धि एकिकृत लगानी संहिता आएपछि नीति तथा कार्यविधिहरुमा पारदर्शिता भई लगानी बढ्नुका साथै मुलुक समृद्ध हुने । |
| ९. | कार्यान्वयनमा नरहेको | मन्त्रीपरिषदबाट पारित द्विपक्षीय लगानी सम्झौता कार्यान्वयन गरिनु पर्दछ । लगानी सहजीकरणका लागि हालै जारी भएका कानुन अनुसारका नियमावली, कार्यविधिको संसोधन एवं निर्माण गरिनु पर्ने । | धेरै लगानीकर्ताहरुले लगानी गर्नको लागि द्विपक्षीय लगानी सम्झौताको माग गरे अनुरुप नेपाल उद्योग बाणिज्य महासंघको अगुवाईमा तयार भई मन्त्रीपरिषदबाट पारित प्रस्तुत सम्झौता कार्यान्वयन गरी लगानी गर्नको लागि आस्वस्त गर्न । | मन्त्रीपरिषदबाट स्विकृत समेत भईसकेकोले यो संझौताको कार्यान्वयन भएमा लगानी अनुकुल बातावरण सृजना भई लगानी अभिवृद्धि हुने । |
| **राजस्व प्रणालीमा सुधार** | | | | |
| १०. | नभएको | राजस्व सम्बन्धी कानूनमा बारम्वार परिवर्तन हुने क्रम रोकी स्थायित्व र नीतिगत स्थिरताको लागि हाल प्रचलनमा रहेको सालबसाली आर्थिक ऐन र राजस्व प्रशासन सम्वद्ध विभिन्न ऐनहरुलाई प्रतिष्थापन गरी व्याख्या सहितको एकिकृत राजस्व कानुन संहिता (Single Tax Code) लागु गरिनु पर्ने । | सालबसाली आर्थिक ऐनले राजस्व सम्वद्ध ऐनमा रहेका विभिन्न करका दर र अन्य व्यवस्थामा बारम्वार परिवर्तन गरी अस्थिरता भएको र राजस्व सम्वद्ध ऐनको आधिकारिक व्याख्याको अभाावमा नियामक निकायहरुले अनावस्यक आर्थिक दायित्व सिर्जना गरेको हुँदा नीतिगत स्थाईत्वको लागि । | राजस्व सम्बन्धी कानूनमा बारम्वार परिवर्तन हुने क्रम रोकी स्थायित्व र नीतिगत स्थिरता कायम भई समग्र कर प्रशासनको लागि एकिकृत र पारदर्शि कानुन हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ११. | हाल मु.अ.को दर १३ प्रतिशत एकल दर छ। | आवस्यक व्यवस्थापकीय र प्रणालीगत तयारी पछि बहुदरयुक्त मूअक प्रणाली कार्यान्वयन गरिनु पर्ने सो कार्यान्वयन नआउन्जेल सम्मको लागि आब ०८३/८४ को बजेट बाटै piloting को रुपमा केही वस्तु तथा सेवामा मूअक को Reduced rate लागु गरिनु पर्दछ। | बहुदरयुक्त मुअक प्रणाली कार्यान्वयनको लागि समग्र प्रणालीगत तयारी आवश्यक पर्ने भएकोले त्यसको तयारीको लागि र एकलदरको कारणले कतिपय वस्तु तथा सेवाहरुको लागत बढ्न गई अस्वस्थ्य र अनौपचारिक कारोवार बढ्न गएको हुँदा त्यस्ता वस्तु तथा सेवामा तत्कालै Reduced rate को कार्यान्वयन शुरु गर्नको लागि। | आयातित बस्तु तथा सेवासंग स्वदेशी उत्पादनले प्रतिस्पर्धा गर्न सहज भई थप रोजगारी सिर्जना र उत्पादन समेत अभिवृद्धि हुने। |
| १२. | नभएको | राजस्व प्रशासन समुहमा चार्टड एकाउन्टेन्टहरुलाई पनि राखी पुनर्संरचना गरिनु पर्दछ। | राजस्व प्रशासनले कर सम्वन्धि अनुसन्धान, विश्लेषण, कर निर्धारण सम्वन्धि कार्य गर्नु पर्ने भएकोले सही र स्वच्छ करारोपणको लागि आवस्यक भएकोले। | कर सम्वन्धि अनुसन्धान, विश्लेषण, स्वच्छ कर निर्धारण भई राजस्व अभिवृद्धि भई कर विवादहरु न्युनिकरण भएको हुने |
| १३. | नभएको | तटस्थ र विश्वसनीय निर्णयको लागि प्रशासकीय पुनरावेदन गर्न अर्थ मन्त्रालयमा छुटै प्रशासकीय पुनरावेदन इकाई गठन गर्नु पर्दछ। | कर अधिकृतको अधिकार आन्तरिक राजस्व विभागको महानिर्देशकले पनि प्रयोग गर्ने भएकोले मातहत कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर विभागमा हुने पुनरावलोकन सुनुवाई तटस्थ र न्यायिक हुन नसक्ने भएकोले अर्थ मन्त्रालय अन्तर्गत राख्न उपयुक्त हुने भएकोले। | कर निर्धारण सम्वन्धि पूनरावलोकन अर्थ मन्त्रालयमा रहने छुटै प्रशासकीय पुनरावेदन इकाईमा हुने व्यवस्था भए पछि निर्णय छिटो छरितो र तटस्थ तथा विश्वसनीय हुने। |
| १४. | औद्योगिक व्यवसाय ऐन २०७६ ले प्रत्याभुत गरेका कतिपय कर छुट सम्बन्धी सुविधाहरु आयकर ऐन र आर्थिक ऐनमा प्रष्टसंग व्यवस्था नभएको। | औद्योगिक व्यवसाय ऐन तथा अन्य कानूनले दिएका कर छुट र अन्य सुविधाहरू आयकर ऐन र आर्थिक ऐनमा प्रष्टसंग व्यवस्था गरिनु पर्ने। | उद्योग स्थापनाका लागि सम्बन्धित ऐनले प्रदान गरेका कतिपय सुविधाहरु प्रचलित आर्थिक ऐन र आयकर ऐनमा नभएको कारणबाट सिर्जित समस्याको अन्त्य गर्न। | कर छुट सम्बन्धी सुविधाहरु सम्बन्धित सबै ऐनहरुमा एकरुपतापूर्वक उल्लेख भएमा राज्यप्रति विस्वस्नीयता अभिवृद्धि भई लगानी प्रोत्साहित हुने। |

| क्र .सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १५. | विभिन्न स्थानमा छरिएर रहेको । | नेपाल सरकारले संकलन गर्ने गैर कर राजस्व (शुल्क, दस्तुर, जरिवाना लगायतका दस्तुरहरु) का दर र संकलन प्रक्रियाहरु विभिन्न कानुनमा छरिएर रहेकोले यस सम्बन्धी एकिकृत गैर कर सम्वन्धी छाता ऐन (Umbrella Act) ल्याईनु पर्दछ । | नेपाल सरकारले संकलन गर्ने गैर कर तर्फ विभिन्न शूल्क, दस्तुर, जरिवाना लगायतका विषयहरु विभिन्न कानुनमा छरिएर रहेकोले एकिकृत गैरकर सम्वन्धि कानुन बनाई कर प्रशासन तथा करदाता सेवा प्रभावकारी बनाउन । | गैरकर प्रशासन सहज र सरल भई सेवा प्रभावकारी हुने र राजस्व संकलन समेत बढ्ने । |
| १६. | स्पष्ट व्यवस्था नभएको | कर कानून तथा नियमहरू भूतप्रभावी ढङ्गले नलगाईने व्यवस्थाको सुनिश्चितता हुनु पर्दछ । | कर प्रशासन सम्वद्ध नीति नियम र निर्णय प्रकृयाहरु भुतप्रभावी ढंगले कार्यान्वयन गर्ने परिपाटी भएकोले सम्वन्धित व्यवसायीहरु व्यवसायबाट पलायन हुनु पर्ने अवस्थाको अन्त्य गरी कानुनी सुनिश्चितता प्रदान गर्न । | उद्यम व्यवसायमैत्री वातावरण सिर्जना भई थप लगानी प्रोत्साहित हुने । |
| १७. | नियामक निकाय धेरै भएको । | उद्योग व्यवसाय सम्वद्ध निजी क्षेत्रका कृयाकलापहरुको निगरानी र नियमन राजस्व प्रशासनबाटनै हुने व्यवस्था गरिनु पर्दछ । | उद्योग व्यवसाय सम्वद्ध निजी क्षेत्रका कृयाकलापहरुको निगरानी र नियमन गर्ने नियामक निकायहरु बढी भएको कारणले उद्योग व्यापार सहजीकरणमा अवरोध भएको हुनाले यस क्षेत्रका नियामक निकायहरु घटाई राजस्व प्रशासनबाटनै नियमन हुने व्यवस्था गर्न । | उद्योग व्यापार सञ्चालन गर्न सहजीकरण भई लगानी वातावरणमा सुधार हुनुको साथै समग्र आर्थिक कृयाकलाप बढी आर्थिक वृद्धि हुने । |
| १८. | नभएको | राजस्व परामर्श समितिको विद्यमान संरचनाको ठाँउमा करका दरमा संशोधन, सामयिक हेरफेर लगायत समग्र राजस्व प्रशासन र सोसंग सम्वन्धित नीतिगत विषय तथा निजी क्षेत्रसंग नियमित समन्वय र सहकार्यको लागि स्थाई संयन्त्रका रुपमा कार्य गर्न अधिकार प्राप्त राजस्व बोर्ड गठन गरिनु पर्ने । | बजेट तयारीको सन्दर्भमा मात्र नभएर समग्र कर प्रशासन र नीतिगत विषयमा निजी क्षेत्रसंग नियमित सहकार्य र समन्वयमा रही करका दरहरुको समायोजन र नीतिगत पृष्ठपोषण गठन गर्न । | स्थाई संयन्त्रको रुपमा रहने अधिकारसम्पन्न राजस्व वोर्डको गठन भएमा सरकारी र निजी क्षेत्रको बिचमा राम्रो सहकार्य भई राजस्व सम्वन्धि नीतिगत कार्यहरु नियमित सञ्चालन भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १९. | व्यवसायिक सूचनाहरुको गोपनीयता नरहेको | आयकर ऐन, भन्सार ऐन लगायत कर सम्वद्ध कानुनहरुमा व्यवशायजन्य कारोवारको गोपनीयता सम्वन्धि हकको अक्षरसः परिपालना हुनु पर्ने । | आयकर ऐन, भन्सार ऐन लगायत कर सम्वद्ध कानुनहरुमा कतिपय व्यवशायिक कारोवारको गोपनीयता अनुसन्धानको प्रयोजनार्थ कानुन बमोजिम अधिकार प्राप्त अनुसन्धान गर्ने निकायलाई मात्र उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था भए पनि लेखा परिक्षण गर्ने निकायहरु, तथ्याङ्क प्रशोधन गर्ने लगायतका अन्य निकायहरुलाई प्रणालीमा पहुँच दिई उपलब्ध गराईने गरिएकोले करदाताको गोपनीयताको हकको प्रभावकारी संरक्षण गर्न । | कानुनप्रदत्त करदाताको अधिकारको संरक्षण भई करदाता र लगानीमैत्री वातावरण सृजना हुने । |
| २०. | नभएको | अदालत, न्यायधिकरण, प्रशासनिक पूनरावलोकनमा विचाराधिन रहेका राजस्व सम्वद्ध विवादहरुको निरुपणको लागि अधिकारसम्पन्न निकायको स्थापना गर्ने । | वि.सं. २०७२ देखि कर फर्स्यौट आयोग गठन नभई धेरै कर सम्वन्धि विवादहरुको निरोपण हुन नसकी वाकी वक्यौता कर रकम फरफारक गर्नको लागि । | पुराना कर सम्वन्धि विवादहरुको निरोपण भई वक्यौता राजस्व पनि संकलन हुने र व्ययशायीको लेखा समेत फरफारक हुने । |
| **आयकर** | | | | |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| २१. | बैंक, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूरसंचार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) पूँजीबजार, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसायको कर योग्य आयमा **३० प्रतिशत**का दरले कर लाग्ने छ।<br>अन्य व्यवसायलाई २५ प्रतिशत र प्राथमिकता प्राप्त उद्योगमा २० प्रतिशत आयकर लाग्ने व्यवस्था छ। | उत्पादनमूलक उद्योगमा लाग्दै आएको करलाई क्रमशः घटाइ पाँच बर्षमा ५ प्रतिशत विन्दुले कम गर्ने। बैंक, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूरसंचार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) पूंजीबजार, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट, धितोपत्र लगायतका व्यवसायमा यसै बर्ष कर योग्य आयमा **२५ प्रतिशत**का दरले कर लाग्ने व्यवस्था गर्ने। | व्यबसायबाट प्राप्त आयमा लाग्ने करमा समेत क्रमश आयकरको दर घटाउदै जाँदा उपयुक्त लगानी र व्यावसायिक वातावरण बनाउन।<br>बैंक, वित्त, बीमा, पूँजीबजार, इन्टरनेट जस्ता सेवा प्रदायक संस्थाहरु आर्थिक विस्तारको उत्प्रेरक भएको र ठूलो रोजगारी समेत सिर्जना गरेको हुंदा अन्य व्यवसाय सरह २५ प्रतिशत कर लगाई प्रोत्साहन गर्नु पर्ने। | करको दरहरु व्यवहारिक र मनासिव भएमा करको दायरा विस्तार भै आर्थिक गतिविधिको विस्तार लगानी प्रवर्द्धमा समेत सकारात्मक वातावरण सिर्जना हुने। |
| २२. | पाँच तारे र सो भन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्ट र सुन तथा सुनका गरगहनामा २ प्रतिशतका दरले विलासिता शुल्क लाग्ने गरेको छ। | ०.१ प्रतिशत कायम गरिनु पर्ने। | पाँच तारे र सो भन्दा माथिको होटल तथा लक्जरी रिसोर्टको सेवा र सुन वा सुनका गरगहनामा लागेको २ प्रतिशतको उच्च विलासीता करले व्यापार लागत बढेको र करको दायरामा थप संकुचन ल्याएको हुँदा सहज कायान्यवन र कराधार बढाउन। | पर्यटन र सुनसम्वद्ध कारोवार पारदर्शी हुनुको साथै धेरै व्यवसायी करको दायरामा आई थप रोजगारी र राजस्व समेत अभिवृद्धि हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| २३. | आयकर ऐन २०५८ को दफा ५७ को नियन्त्रण सम्वन्धि व्यवस्था<br>कुनै निकायको विगत तीन वर्ष अघि सम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा वढि स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पती वा आफुले वहन गरेको दायित्व निसर्ग गरेको मानिनेछ । | आयकर ऐन २०५८ को दफा ५७ को नियन्त्रण सम्वन्धि व्यवस्था<br>(क) प्राकृतिक व्यक्तिको हकमा,<br>(ख) लोग्ने वा स्वास्नी वा एकाघरका तीन पुस्ता भित्र हस्तान्तरण भएको अवस्थामा वाहेक कुनै निकायको विगत तीन वर्ष अघि सम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा वढि स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पती वा आफुले वहन गरेको दायित्व निसर्ग गरेको मानिनेछ । | मृत्य वा अन्य विभिन्न परिवारिक कारणले परिवारका सदस्यहरु वीच शेयर वा स्वामित्व नामसारी हस्तान्तरण गर्दा पनि सम्पत्तिको निसर्ग मानी कर दायित्व सिर्जना हुने व्यवस्थामा संशोधन गरी एकाघरमा हुने कारोवार स्पष्ट गर्न । | कर दायित्व सृजना हुने डरले परिवारका सदस्यहरु वीच आफनो परिवारिक व्यवहार कारोवार मिलाउन सहज हुने । |
| २४. | धितोपत्र, जग्गा तथा घर जग्गाको व्यवसायिक कारोवारमा अग्रिम कर वापतको रकम । | व्यक्तिगत रुपमा भएको धितोपत्र, जग्गा तथा घर जग्गाको व्यवसायिक कारोवारमा अग्रिम कर वापतको रकमलाई अन्तिम कर सरह मानी आयकर ऐनको दफा ९२ मा समावेश गर्ने । | धितोपत्र, जग्गा तथा घर जग्गाको व्यवसायिक कारोवारमा अग्रिम कर वापतको रकम बुझाउने व्यवस्था स्पष्ट गर्न । | व्यवसायीको मनोबल बृद्धि भई आर्थिक क्रियाकलपहरु विस्तार हुने । |
| २५. | कर लाग्ने व्यवस्था भएको । | निकायले पूंजीकरण गर्ने बोनस शेयरले सो निकायको लगानीको क्षमता बढाउने भएकोले उक्त बोनस शेयरलाई लाभांसको रुपमा गणना गरी कर लगाउन नहुने । | अन्तर्राष्ट्रिय अभ्यास अनुकूल हुनुका साथै नाफा रकम पूंजिकृत भई व्यवसाय विस्तारका साथै रोजगारी सिर्जना गर्न । | लगानी अभिबृद्धि हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| २६. | औद्योगिक व्यवसाय ऐनमा मझौला, ठूला, उद्योग वा वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्टयाउनु पर्नेछ । | मझौला, ठूला, उद्योग वा वार्षिक पन्ध्र करोड रुपैयाँ भन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्टयाउनु पर्नेछ । यसरी छुट्टयाइएको रकम आयकरमा खर्च लेख्न सकिने छ । | औद्योगिक व्यवसाय ऐनले खुद मुनाफाको एक प्रतिशत छुट्टयाउनु पर्ने व्यवस्था गरेकोले । | औद्योगिक व्यवसाय ऐनले दिएको सुविधा प्राप्त हुने । |
| २७. | नभएको | मुनाफाको ४० प्रतिशत वा सो भन्दा बढि रकम सोहि कम्पनीमा पुनर्लगानी गरेमा आयकर छुटको व्यवस्था गर्नु पर्दछ । | उद्योगको क्षमता विस्तार र उत्पादन अभिवृद्धिको लागि थप लगानी जुटाउन प्रोत्साहित गर्न । | उद्योगको स्थापना र विस्तारको लागि लगानी प्रोत्साहित हुनुको साथै यसले अर्थतन्त्र चलायामान हुने । |
| २८. | स्पष्ट व्यवस्था नभएको । | ४७ क (४) को उपदफा १ अनुसार गाभिई नि:सर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरुले आफ्नो शेयर गाभिएको मितिले २ वर्ष भित्र आफ्नो शेयर बिक्रीका माध्यमबाट नि:सर्ग गरेमा त्यसरी नि:सर्ग भएको शेयरमा भएको लाभमा पूँजीगत लाभकर लाग्ने छैन भन्ने प्रावधानलाई स्पष्ट कानूनी व्यबस्था गर्ने । | आयकर सम्बन्धी प्रस्तुत व्यवस्थाले कार्यान्वयनको सन्दर्भमा पूँजीगत लाभकर सम्बन्धमा द्विविधा भएकोले सो प्रावधानलाई स्पष्ट गर्नु पर्ने भएकोले । | सम्बन्धित क्षेत्रका करदातालाई भएको द्विविधा अन्त भई कर प्रशासन सरल हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| २९. | स्पष्ट व्यवस्था नभएको । | दफा ४७क(५) उपदफा (१) अनुसार अनुसार गाभिई नि:सर्ग भएको निकायले गाभिएको मितिले २ वर्ष भित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरेको लाभांशमा कर लाग्ने छैन भन्ने प्रावधानलाई स्पष्ट कानूनी व्यबस्था गर्ने । | प्रस्तुत व्यवस्था कार्यान्वयनमा द्विविधा भएकोले स्पष्ट गर्नु पर्ने देखिएको हुंदा । | सम्बन्धित क्षेत्रका करदातालाई भएको द्विविधा अन्त भई कर प्रशासन सरल हुने । |
| ३०. | नभएको | अन्तरराष्ट्रिय कार्गो व्यवसायमा लागेको अग्रिम आयकर खारेज गरिनु पर्दछ । | अन्तरराष्ट्रिय कार्गो व्यवसायमा लागेको अग्रिम आयकरको व्यवस्थाले व्यवशायीको प्रतिष्पर्धि क्षमतामा ह्रास आई व्यवशायनै बन्द गर्नु पर्ने अवस्थाको अन्त्य गर्न । | यस व्यवशायको संरक्षण र सम्वर्द्धन भई रोजगारी सृजना र थप राजस्व परिचालन हुने । |
| ३१. | वार्षिक रु ३० लाख भन्दा बढी र १ करोड रुपैयाँसम्मको कारोबारमा कारोबारमा आधारित कर लाग्ने । | वार्षिक रु २ करोडसम्मको कारोबारमा कारोवारमा आधारित कर लगाउनुपर्ने र करको दर आधा घटाउनु पर्ने । | लेखापरीक्षण र हिसाव किताव राख्न सहज हुने । | सरकारको राजस्व बृद्धि हुने र व्यवसायीलाई हिसाव किताव राख्न सहज हुने । |
| ३२. | विभिन्न दरमा लाग्ने गरेको | व्यवशाय र कारोवारको प्रकृती हेरी अन्तिम कर निर्धारण हुने (Final Withholding) वाहेक अन्य कारोवारमा बढीमा १.५ प्रतिशत सम्म मात्र अग्रिम आयकर लाग्ने व्यवस्था गरिनु पर्ने । | शिद्धान्तत: आयकर आय आर्जन क्रियाकलाप पस्चात मात्र बुझाउनु पर्ने भए पनि हरेक चौमासिकमा करदाताले किस्ताको रुपमा कर बुझाउने गरिएको हुँदा अग्रिम आयकरको रुपमा समेत अधिकतम १० प्रतिशत सम्म श्रोतमै आयकर कट्टा गर्ने व्यवस्थाले सो कर समायोजन पनि हुन नसक्ने तथा फिर्ता पनि नहुने भएको हुँदा सहज कारोवार सञ्चालनको लागि अग्रिम आयकरको अधिकतम दर १.५ प्रतिशत मात्र कायम गर्न उपयुक्त हुने । | कारोवारको लेखा राख्न सहज भई करदाता माथि परेको अनावस्यक करको भार कम भई व्यवशायिक लागत घट्ने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ३३. | नभएको | सूचना प्रविधिसंग सम्बन्धित निर्यातमूखी फर्म कम्पनीहरूलाई पाँच बर्षसम्म **एक** प्रतिशतमात्रै आयकर लाग्ने व्यवस्था गरिनु पर्दछ । | सूचना प्रविधि अर्थव्यवस्थाको उदियमान क्षेत्र भएकोले यस क्षेत्रको विकास गरी निर्यात प्रवर्द्धन र थप रोजगारी सृजना गर्न । | सूचना प्रविधिको क्षेत्रमा लगानी विस्तार भई थप रोजगारी सृजना, व्यापार घाटा न्युनीकरण र निर्यात प्रवर्द्धन भएको हुने । |
| ३४. | अग्रिम कर कट्टी फिर्ता गर्ने सम्बन्धमा । | अग्रिम करकट्टी रकमलाई हिसाव फरफारक भएपछि स्वचालित रुपमा फिर्ता गर्ने । | करदाताको प्रशासन प्रति विश्वास अभिबृद्धि गर्न । | अग्रिम कर कट्टी गर्न प्रोत्साहन मिल्ने । |
| ३५. | व्यक्तिगत आयकर छुटमा व्यक्तिको ५ लाख र दम्पतिको ६ लाखको सिमा राखिएको छ । | व्यक्तिगत आयकर छुटको सिमा व्यक्तिको हकम ८ लाख र दम्पतिको १० लाखको सिमा कायम गर्नुपर्ने । | बढ्दो महंगी र मूद्रास्फितीको तुलनामा विगत लामो समयदेखि व्यक्तिगत आयकरको छुटको सिमामा बृद्धि नभएको कारणले मध्यम वर्गका उपभोक्ताको क्रयशक्तिमा बृद्धि, प्रभावकारी मागको सिर्जना गर्न छुट सिमामा बृद्धि गर्नु आवश्यक भएकोले । | यो वर्गको खर्च गर्ने क्षमतामा बढोत्तरी हुने र आन्तरिक मागमा वृद्धि भई बजार चलायामान हुन सहयोग पुग्ने । |
| ३६. | नभएको | छुट सिमा भन्दा बढीको आयमा पारिश्रमिक कर कट्टी गर्दा २ वटा बच्चाको शिक्षा शुल्कको ५० प्रतिशतले हुने खर्च र पहिलो घर जग्गा (२ करोड मूल्य सम्मको) तथा सवारी साधन (५० लाख सम्म) खरिद गर्दा लिएको ऋण भुक्तानीको किस्ता रकम, जीवन तथा निर्जीवन विमा तर्फ १ लाख सम्मको प्रिमियम खर्च कट्टीको सुविधा दिने व्यवस्था गरिनु पर्दछ । | सवारी साधन, घर, बच्चाको शिक्षा, सामाजिक शुरक्षा लगायतका आधारभुत आवस्यक्ता परिपूर्तिको सुनिस्चितता प्रत्याभुत गरी युवा तथा दक्ष जनशक्तिलाई मुलुकभित्रै च्भतबष्ल गरी विदेश पलायन रोक्न आवस्यक भएकोले । | दक्ष र सिपयुक्त युवा जनशक्ति स्वदेशमै बस्ने अनुकुल वातावरण सृजना भई मुलुकले आफ्ना नागरिकमा गरेको लगानीको प्रतिफल प्राप्त भएको हुने । |
| ३७. | व्यक्तिगत आयको अधिकतम दर ३९ प्रतिशत रहेको छ । | ब्यक्तिगत तर्फ आर्थिक बर्ष २०७६ अघिको जस्तै आयकरको अधिकतम दर ३० प्रतिशत कायम हुनु पर्ने । | आयकरको दर उच्च भएपनि संकलित कर रकम ज्यादै न्युन रहेको तर यस व्यवस्थाले नेपालमा करको दर उच्च छ भन्ने सन्देश प्रवाह भएकोले सोको निराकरण गर्न । | करको दर कम भएमा सकारात्मक सन्देश प्रवाह हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ३८. | नभएको | करदाताले विवरण दर्ता गराएको तीन वर्षभित्र कर परीक्षण नभएमा सो अवधिको स्वयं कर निर्धारण अन्तिम भएको मानिने कानूनी व्यवस्था गरिनु पर्ने । | कारोवार अनुमानयोग्य हुन गई करको दायित्व निश्चित समयसम्म सिमित गर्न उपयुक्त हुने भएकोले । | व्यवसायीलाई कारोवार गर्न सहज भई समयमै कर दायित्व निर्धारित भएको हुने । |
| ३९. | PE/VC कोषहरूको कर संरचना पास-थ्रु मोडेलमा स्पष्ट नभएको , जसले कोष र लगानीकर्ता दुवै तहमा कर लाग्ने जोखिम सिर्जना गर्छ। | PE/VC कोषका लागि tax pass-through व्यवस्था लागू गर्ने र कर केवल लगानीकर्ता तहमा मात्र लगाउने । | Tax pass-through प्रणाली विश्वव्यापी रूपमा प्रयोग हुन्छ र यसले दोहोरो कर हटाई लगानीकर्ताका लागि कोषलाई आकर्षक बनाउँछ। | PE/VC कोषका लागि लगानी जुटाउन सहज भई लगानी जुट्ने । |
| ४०. | विभिन्न किसिमका सरकारी निवृत्तिभरण/सामाजिक कोषहरूलाई PE/VC कोषमा लगानी गर्न बन्देज गरिएको छ । | सम्वन्धित कानुनमा आवस्यक संशोधन गरी पोर्टफोलियोको निश्चित प्रतिशत (५-१०%) सम्म यस्ता कोषहरूमा लगानी गर्न अनुमति दिने व्यवस्था गरिनु पर्दछ । | यस्ता कोषहरूको दीर्घकालीन दायित्व भएका कारण विश्वभर निजी इक्विटीका प्रमुख लगानीकर्ताको रुपमा लिईने अभ्यास अनुसरण गर्दै नेपालमा पनि दीर्घकालीन पूँजीको उपलब्धता सुनिश्चित गर्न । | यस्ता कोषमा लगानी रकम जुटाउन सहज भई PE/VC कोषमा श्रोत अभाव पुर्ति भएको हुने । |
| ४१. | नभएको | राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा २५ प्रतिशत बैंक जमानतको व्यवस्था रहेको तर प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिँदा नगद जमानतको व्यवस्था रहेको हुँदा सबै प्रकृतिको पुनरावलोकनमा बैंक जमानतको व्यवस्था गरी जमानत रकम न्युनतम हुनु पर्ने । | कर प्रशासनबाट भएको निर्णयमा चित्त नबुझे पनि नगद अभावको कारणले पुनरावदेनमा जान नपाउने करदातालाई समेत प्रभावकारी न्यायिक उपचारको लागि व्यवस्था गर्न उपयुक्त हुने भएकोले । | करदाताको पुनरावलोकन सम्वन्धि अधिकारक न्युनतम लागतमा प्रत्याभुत भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ४२. | नभएको | ' आय कर ऐन २०५८ को दफा १२ ग मा रहेको "बीउ पूजी अनुदान" सम्वन्धी व्यवस्था परिमार्जन गरी "बिउ पुंजी अनुदान वा स्टार्टअपमा गरिएको लगानी" लाई समेत करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न मिल्ने व्यवस्था गरिनु पर्दछ। साथै, हालको प्रति स्टार्टअप रु १ लाख र अधिकतम ५ वटासम्मको सिमा अत्यन्त न्युन भएकाले यसलाई परिमार्जन गरी प्रति स्टार्टअप बढिमा ५ लाखसम्म र अधिकतम ३ वटासम्म स्टार्टअपमा लगानी गरिएको रु १५ लाखसम्म खर्च कट्टी गर्न पाउने व्यवस्था गरिनु आवश्यक छ। | नव प्रवर्तन तथा स्टार्टअपलाई वित्तिय पहुँच बढाई स्टार्टअप प्रवर्धनमा थप प्रोत्साहन गर्न । | नीजि क्षेत्रलाई स्टार्टअप प्रवर्धनमा थप प्रोत्साहन भई रोजगारी अभिवृद्धि र उद्यमशिलता प्रवर्द्धन भएको हुने । |
| ४३. | नभएको | आयकर ऐन २०५८ अनुसार निर्धारण भएको कर रकम पूर्ण वा आंसिकरुपमा बुझाउन बाकी रकम सम्वत २०८४ वैशाक मसान्तसम्म बुझाएमा आयकर ऐन बमोजिम लाग्ने ब्याज तथा जरिवाना मिनाहा हुनेछ । | स-साना व्यवसायीहरुको कर निर्धारण भए पनि विविध कारणबस उक्त कर रकम बुझाउन नसकी ब्याज र जरिवानाको रकम बढी हुन गई बुझाउन नसकेको अवस्था भएकोले ति व्यवसायीको फरफारक गरी बाकी बक्यौता राजस्व समेत संकलन गर्न । | साना व्यवसायीको कर सम्वद्ध कारोवार फरफारक भई वाँकी वक्यौता संकलन भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ४४. | नभएको | आय कर ऐन २०५८ को दफा १२ ग मा रहेको "बीउ पूजी अनुदान" सम्वन्धी व्यवस्था परिमार्जन गरी "बिउ पुंजी अनुदान वा स्टार्टअपमा गरिएको लगानी" लाई समेत करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न मिल्ने व्यवस्था गरिनु पर्दछ। साथै, हालको प्रति स्टार्टअप रु १ लाख र अधिकतम ५ वटासम्मको सिमा अत्यन्त न्युन भएकाले यसलाई परिमार्जन गरी प्रति स्टार्टअप बढिमा ५ लाखसम्म र अधिकतम ३ वटासम्म स्टार्टअपमा लगानी गरिएको रु १५ लाखसम्म खर्च कट्टी गर्न पाउने व्यवस्था गरिनु आवश्यक छ। | नव प्रवर्तन तथा स्टार्टअपलाई वित्तिय पहुँच बढाई स्टार्टअप प्रवर्धनमा थप प्रोत्साहन गर्न । | नीजि क्षेत्रलाई स्टार्टअप प्रवर्धनमा थप प्रोत्साहन भई रोजगारी अभिवृद्धि र उद्यमशिलता प्रवर्द्धन भएको हुने । |
| ४५. | नभएको | आयकर ऐन २०५८ अनुसार निर्धारण भएको कर रकम पूर्ण वा आंसिकरुपमा बुझाउन बाकी रकम सम्वत २०८४ वैशाक मसान्तसम्म बुझाएमा आयकर ऐन बमोजिम लाग्ने ब्याज तथा जरिवाना मिनाहा हुनेछ । | स-साना व्यवसायीहरुको कर निर्धारण भए पनि विविध कारणबस उक्त कर रकम बुझाउन नसकी ब्याज र जरिवानाको रकम बढी हुन गई बुझाउन नसकेको अवस्था भएकोले ति व्यवसायीको फरफारक गरी बाकी बक्यौता राजस्व समेत संकलन गर्न । | साना व्यवसायीको कर सम्वद्ध कारोवार फरफारक भई बाँकी वक्यौता संकलन भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| **भन्सार तथा अन्तशुल्क** | | | | |
| ४६. | साफ्टाको कार्यान्वयनबाट तयारी वस्तुको Effective भन्सार दर कच्चा पदार्थ सरह वा तयारी वस्तु भन्दा कम भएको कारणवाट स्वदेशी उद्योगको प्रतिष्पर्धात्मक क्षमता नराम्ररी प्रभावित भएको छ । | स्वदेशी उद्योगहरुको संरक्षणको लागि तयारी वस्तु आयातको Effective भन्सार दर भन्दा कच्चा पदार्थ आयातको भन्सार दर २ तह कम गरिनु पर्दछ । भन्सार महसुल कम गर्न नसकिने भए साफ्टाको पुनर्संरचना वा साफ्टा संवेदनशिल सूचि संशोधन गरिनु पर्दछ। | साफ्टा भन्सार दरको कारण आयातित तयारी बस्तुसंग स्वदेशी उत्पादनले प्रतिष्पर्धा गर्न नसकी नेपालको उत्पादनमुलक क्षेत्र प्रभावित भएको हुँदा लामो समयदेखि निस्कृय रहेको सार्क अभिसन्धि साफ्टाको पुनर्मूल्याङ्कन गरी स्वदेशी उद्योगको प्रवर्द्धन आवस्यक भएकोले । | आन्तरिक उत्पादन वृद्धि हुने तथा आत्मनिर्भर अर्थतन्त्रको विकास भई रोजगारी र उद्यमशिलता बढेको हुने । |
| ४७. | खुला सिमाको कारण र भन्सार चोरी निकासी पैठारी नियन्त्रणमा प्राथमिक जिम्मेवार निकाय नतोकिएको हुँदा चोरी पैठारी र अनौपचारिक व्यापारको आयातन बढेको छ। | सीमास्थित चोरी निकाशी पैठारी नियन्त्रण गर्ने प्राथमिक उत्तरदायित्व भएको जिम्मेवार निकायको रुपमा सशस्त्र प्रहरीलाई तोकी काउन्टरपार्टसंगको आपसी समन्वयमा चोरी निकासी पैठारी नियन्त्रण गर्न सीमा क्षेत्रमा आधुनिक उपकरण सहित Border Out Post लाई प्रभावकारी बनाईनु पर्ने । | अनाधिकृत व्यापार नियन्त्रणका लागि प्राथमिक उत्तरदायित्व भएको जिम्मेवार निकाय तोकी बढ्दो चोरी निकाशी पैठारी नियन्त्रण गर्न आवश्यक भएकोले । | अनधिकृत व्यापार नियन्त्रण भई बैध व्यापार प्रोत्साहित हुने र आन्तरिक राजस्व परिचालनमा अभिवृद्धि हुने । |
| ४८. | भन्सार मूल्याङ्कन र वर्गीकरण विवाद सम्बन्धी पुनरावलोकनको निर्णय ढिलो हुने गरेको । | भन्सार मूल्यांकन र वर्गिकरणमा विवाद भई धरौटीमा छुटेका कन्साईनमेन्टको वस्तुको प्रकृति हेरी बढीमा ३० दिन भित्र निर्णय गर्नुपर्ने अन्यथा पैठारीकर्ताको घोषणालाई मान्यता पाउने व्यवस्था गरिनु पर्ने । | भन्सार मूल्यांकन र वर्गिकरणका विवादित मुद्धाहरु समयमै निराकरण भई सुशासनको प्रत्याभुती गरी व्यवसायमैत्री वातावरण को सिर्जना गर्न । | व्यवसायजन्य अवरोधको रुपमा रहेका भन्सार मूल्यांकन र वर्गिकरण सम्वन्धि विवाद समयमानै निर्णय भई व्यापार सहजीकरण भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ४९. | उद्योगमा कच्चा पदार्थको रुपमा प्रयोग हुने र तयारी वस्तको रुपमा पनि उपयोग हुने वस्तुको भन्सार दर समान भएको । | कुनै कुनै वस्तुहरु तयारी र कच्चा पदार्थको रुपमा बहुउदेश्यीय प्रयोग हुने भए पनि उत्पादनमूलक उद्योगहरुले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने परिमाणसम्मको हकमा सम्वन्धित उद्योगको खपत क्षमताको आधारमा ट्रेडिङ अर्थात तयारी वस्तुको रुपमा प्रयोग हुने भन्दा १ न्युनतम एक तह कमको भन्सार दरमा आयात गर्न दिने व्यवस्था गरिनु पर्दछ । | उत्पादनमूलक उद्योगहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थ बहुउदेश्यीय प्रयोग हुने भनी ट्रेडिङ व्यवसाय र उद्योगलाई एकै दरको महसुल लगाईने प्रचलित व्यवस्थाले स्वदेशी उद्योग संचालनमा पर्न गएको नकारात्मक असर कम गर्न । | उत्पादनमूलक स्वदेशी उद्योगहरूको उत्पादन वृद्धि भई आयात प्रतिष्ठापन हुनुको साथै रोजगारी र राजस्व समेत अभिवृद्धि हुने । |
| ५०. | हाल नेपाली बजारमा ख्यातीप्राप्त अन्तर्राष्ट्रिय ब्रान्डका Counterfeit वस्तुहरूको उत्पादन तथा आयात भइरहेको देखिन्छ। | Counterfeit वस्तुहरूको आयात र बजार आपुर्ती नियन्त्रण तथा नियमन गर्ने कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनु पर्दछ। | ख्यातीप्राप्त अन्तर्राष्ट्रिय ब्राण्डको प्रतिष्ठामा परेको नकारात्मक असर कम गरी लगानी संरक्षणको साथै उपभोक्ता अधिकार सुनिश्चित गर्न । | उपभोक्ता अधिकार सुनिश्चित भई वैध व्यापारको प्रवर्द्धन हुने र लगानीको वातावरण अभिवृद्धि भएको हुने । |
| ५१. | कृषिजन्य उद्योगको लागि आवस्यक पर्ने मेसिनरी तथा कच्चा पदार्थमा कर महसुलमा पर्याप्त छुट नभएकोले उत्पादन लागत महंगो हुन गएको छ । | कृषिजन्य उद्योगलाई आवस्यक पर्ने मेसिनरी , कच्चा पदार्थ लगायतमा भन्सार छुट र सहुलियत बढाईनु पर्दछ । | द्विपक्षीय सन्धि सम्झौताको प्रावधान बमोजिम न्युनदरको कृषिजन्य उत्पादन आयात र छिमेकी राष्ट्रहरुले प्रदान गरेको अनुदानप्राप्त उत्पादनसंग प्रतिष्पर्धि बनाउन । | नेपालको कृषि उत्पादन प्रतिष्पर्धी भइ आयात प्रतिष्ठापन हुनुको साथै स्वदेशी उत्पादन वृद्धि हुने । |
| ५२. | Fresh Water live fish मा न्युन भन्सार महसुल छ। | नेपालमा उत्पादन हुने Fresh Water live fish प्रजातीहरुमा आयात महसुल बढाउन पर्ने । | स्थानीय उत्पादनलाई प्रोत्साहन गरी आयात प्रतिष्थापन गर्न । | स्थानीय माछाका भुरा उत्पादन बृद्धि भई आयात प्रतिष्थापन भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ५३. | बजेट वक्तव्यमा अस्थायी पैठारी (Temporary Import) हुने सवारी तथा ढुवानी साधनहरुमा भन्सार बिन्दुमा महसुल तिरेपछि नेपालभित्र यात्रा गर्दा कुनै पनि प्रदेश वा स्थानीय सरकारबाट रुट दस्तुर, प्रवेश शुल्क वा अन्य कुनै पनि प्रकारको दोहोरो शुल्क लिइने छैन भन्ने व्यवस्था गरिएको । | लुम्बिनी प्रदेश सरकार तथा यातायात व्यवस्था सेवा कार्यालय, भैरहवाले हाल पनि अस्थायी पैठारी भएका सवारी तथा ढुवानी साधनहरूबाट रुट दस्तुर र अन्य शुल्क असुल गर्ने कार्य जारी राखेको हुँदा बजेटमा उल्लेखित प्रस्तुत विषयको कार्यान्वयनको लागि आर्थिक ऐनमानै समावेस गर्नु पर्ने । | दोहोरो, तेहेरो कर संकलन प्रणाली, झन्झटीलो प्रकृया र वारम्वार सडक अवरोधको सास्ती अन्त्य भई पर्यटकीय गतिविधिलाई प्रोत्साहित गर्न । | समग्रमा पर्यटन क्षेत्रको गतिविधि बढ्न गई थप रोजगारी सिर्जना हुनको साथै अर्थतन्त्र चलायामान हुने । |
| ५४. | नभएको | आयात गर्ने व्यवस्था हुनु पर्ने । | तेश्रो मुलुकबाट आयात गर्दा बढी समय र खर्च लाग्ने भएको तर सोही पार्टहरु भारतीय बजारमा सहजै पाउने भएकोले तेश्रो मुलुकमा निर्मित मिल मेशिनका पार्ट पुर्जाहरु भारतबाट आयात गरी सहज उद्योग सञ्चालनको व्यवस्था गर्न । | तेश्रो मुलुकमा निर्मित मेशिनको पार्टहरु भारतीय बजारबाट सुलभ र छिटो आपूर्ति भई सहज उद्योग सञ्चालनको व्यवस्था भएको हुने । |
| ५५. | यदाकदा फरक रुपमा प्रयोग हुने गरेको छ । | अन्तर्राष्ट्रियस्तरमा समान रुपमा प्रयोग हुने Six Digit HS Code नेपाल भन्सारको अभ्यासमा राजस्वमुखी भई यदाकदा फरक रुपमा प्रयोग हुनुको साथै अन्तरभन्सार कार्यालयमा पनि फरक हुने गरेकोले समान रुपमा प्रयोग हुने व्यवस्था गरिनु पर्दछ । | अन्तर्राष्ट्रिय रुपमा समान रुपमा प्रयोग हुने HS Code बढी महशुल लगाउने उदेश्यले गलत प्रयोग गर्ने विद्यमान अभ्यासको अन्त्य गरी अनुमानयोग्य र अन्तर्राष्ट्रियस्तरमा व्यापारिक सुनिश्चितता कायम गर्न । | अन्तर्राष्ट्रियस्तरको व्यापारिक सुनिश्चितता भई भन्सार प्रशासन पारदर्शी हुनुको साथै लगानीयोग्य वातावरणा सिर्जना भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ५६. | Non- Intrusive equipment को न्युनतम व्यवस्था पनि रहेको छैन । | Non- Intrusive equipment (एक्सरे स्क्यानर, गामा रे स्क्यानर, मेटल डिटेक्टर, बडी स्क्यानर लगायत) हरुको व्यवस्था गरिनु पर्दछ । | भन्सार जाँचपास प्रकृयालाई छिटो छरितो र जोखिमरहित बनाई भन्सारको सेवा प्रवाह अन्तर्राष्ट्रियस्तरको बनाउन । | नेपालको भन्सार प्रशासन अन्तराष्ट्रिय मापदण्डको हुनको साथै स्वचालित भन्सार प्रणालीको रुपमा स्थापित भएको हुने । |
| ५७. | भन्सार प्रक्रियामा भुक्तानीको माध्यमका आधारमा भेदभाव गर्ने नीति छ । | भन्सार प्रक्रियामा भुक्तानीको माध्यमका आधारमा भेदभाव अन्त्य गरी LC सरह DAP, TT लाई मान्यता दिईयोस । | अन्तर्राष्ट्रिय व्यापार अभ्यास अनुसार सबै भुक्तानी विधिहरू समान रूपमा मान्य र प्रचलित भएकोले LC लाई मात्र विस्वस्नीय मानी अन्य भूक्तानीका माध्यमलाई असमान रुपमा गरिने व्यवहारको अन्त्य गर्न । | LC प्रयोग गर्दा अतिरिक्त बैंकिङ खर्च, प्रशासनिक प्रक्रिया तथा अनावस्यक समय खर्चको बचत भई सिघ्र कारोवार भएको हुने । |
| ५८. | भन्सारका दरहरु असमान रहेका छन् । | बढ्दो चोरी पैठारी र अनौपचारिक कारोवार नियन्त्रण गर्न दैनिक आवस्यक्ताका वस्तु लगायत अन्य उच्च भन्सार दर भएका वस्तुहरुको भन्सार दर भारत लगायतका छिमेकी मुलुक सरह कायम गरिनु पर्ने । | नेपाल र India बीच खुला सिमाना रहेको कारण नेपालमा अत्यधिक भन्सार महसुल लाग्ने वस्तुहरूको अवैध आयात तथा अनौपचारिक व्यापार नियन्त्रण गर्न । | बढ्दो चोरी पैठारी र अनौपचारिक कारोवार नियन्त्रण नियन्त्रण भई बैध कारोवार र राजस्व अभिवृद्धि भएको हुने । |
| ५९. | प्रभावकारी नभएको | भन्सार विभाग र आन्तरिक राजस्व विभागको प्रणाली एकिकरण गरी जोखिम व्यवस्थापन र व्यापार सहजीकरणमा प्रभावकारी उपयोग गर्नु पर्ने । | भन्सार विभाग र आन्तरिक विभागको स्वचालित प्रणाली प्रभावकारी रुपमा एकिकृत र उपयोग गरी न्युन विजकिकरण, अधिक विजकिकरण, आयात र आन्तरिक ओसार पसारको तथ्याङ्क लगायतका सुचना एकापसमा आदान प्रदान गरी जोखिम विश्लेणको आधारमा Fair Revenue Collection गर्न र व्यापार सहजीकरण गर्न। | आर्थिक कारोवार पारदर्शी भई व्यापार सहजीकरण र लगानीको वातावरण बनेको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ६०. | आंशिक रुपमा कार्यान्वयनमा रहेको । | भन्सार महशुल ऐन २०८१ ले नेपाल सरकारका सम्वन्धित निकायको सिफारिसमा मात्र भन्सार महसुल छुट पाउने विद्यमान प्रावधानलाई संशोधन गरी कम्तिमा उद्योगले आयात गर्ने कच्चा पदार्थको हकमा (सम्वेदनशील वस्तु उत्पादन गर्ने बाहेकका) सिफारिस विना स्वयम् उद्योगले सोझै आयात गरे पनि भन्सार छुट पाउने व्यवस्था गरिनु पर्ने । | कच्चा पदार्थ आयात गर्दा नेपाल सरकारका विभिन्न निकायको सिफारिसमा मात्र भन्सार छुट पाउने विद्यमान व्यवस्थामा प्रक्रियागत झन्झट र लामो समय लाग्न जाने हुँदा उत्पादन लागत न्युनीकरण गरी आयात प्रकृया सहजीकरण गर्न । | आयात प्रक्रिया सहज भई उत्पादन लागत घट्नुको साथै लगानीमैत्री औद्योगिक वातावरण निर्माणमा सहयोग पुगेको हुने । |
| ६१. | भन्सार ऐन, २०८२ को दफा ७१(झ) मा कम्प्युटर प्रणालीमा घोषणा गर्दा संलग्न गर्नु पर्ने कागजात फरक भएमा घोषणाकर्तालाई महसुलको १० प्रतिशत जरिवाना र सो को महसुल लिने व्यवस्था छ । | भुलवस पनि यस्तो कार्य हुने भएकोले ऐनको प्रस्तुत व्यवस्था खारेज वा व्यवहारिक रुपमा उपयूक्त हुने गरी संशोधन गरिनु पर्ने । | यस प्रावधानका कारण घोषणाकर्तामा अन्योलता सिर्जना हुनुका साथै अन्जानमा गरिएको गल्तिमा समेत सजायभागी हुनु पर्ने भएकोले व्यवसायमैत्री तथा व्यवहारिक कानुनी व्यवस्था हुन उपयुक्त हुने भएकोले । | व्यापार सहजीकरणमा सहयोग पुग्न गई अनावस्यक कानुनी झमेलाको निराकरण भएको हुने । |
| ६२. | सिमित पुराना वस्तु मात्र आयात अनुमतीको व्यवस्था छ । | वातावरणीय सुरक्षालाई दृष्टिगत औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोग हुने स्क्रेप रबर ट्युव लगायतका अन्य औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोग हुने पुराना वस्तुको आयात सुविधा दिईनु पर्ने । | स्वदेशमै संकलन हुने यस्ता वस्तुले उद्योगको कच्चा पदार्थको आपुर्ति हुन नसक्ने भएको हुनाले पर्याप्त कच्चा पदार्थको उपलब्ध भई सहज उद्योग सञ्चालनको वातावरण निर्माण गर्न । | यसता प्रकृतिका उद्योगहरु पुर्ण क्षमतामा सञ्चालन भई उत्पादन क्षमता बढ्नुका साथै थप रोजगारी समेत सिर्जनामा सहयोग पुगेको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ६३. | भन्सार ऐन २०८२ को दफा ३३ अनुसार न्यून बिजिकरण वा अधिक बिजिकरण गर्न नहुने र न्यून बिजिकरण गरिएमा १०० प्रतिशत जरिवाना हुने व्यवस्था छ। | नयाँ भन्सार ऐन आउनु पूर्व यस्तो जरिवाना ५० प्रतिशत रहेकोमा यस पटकको नयाँ ऐनमा १०० प्रतिशत बनाईएको हुनाले यसलाई संशोधन गर्नु पर्ने। | बस्तुको मूल्य कम्पनी, ब्राण्ड, खरिद परिमाण, marketing, expiry लगायतका विषयले पनि प्रभाव पार्ने भएकोले मूल्य जस्तो सापेक्षित विषयमा जरिवाना धेरै भएको हुँदा सो घटाउन उपयुक्त हुने भएकोले। | कारोवार मूल्यको कार्यान्वयन भई स्वच्छ भन्सार प्रक्रिया अवलम्वन भएको हुने |
| ६४. | स्पष्ट नभएको | सुनचाँदीको भंसार मूल्य र महशुललाई छिमेकी मुलुक खासगरी भारत सरह कायम गरी नेपालमा हुने अवैध र अनौपचारिक कारोवारलाई नियन्त्रण गरिनु पर्ने। | मित्रराष्ट भारतमा प्रत्येक १५ दिनमा सुनचाँदीको अन्तर्राष्ट्रिय बजार मुल्य हेरेर एउटा आधार दर (Base Rate) तोकी मूल्य कायम गर्ने गरिएकोले नेपालमा पनि सोही प्रकृतिको प्रावधान कार्यान्वयन गर्न उपयुक्त हुने भएकोले। | नेपालले सुनचाँदीको भंसार महशुल छिमेकी मुलुकसरह हुन गई दुई देशको बिचमा हुने संभावित अवैध कारोवार नियन्त्रण भई बैध कारोवार बढेको हुने । |
| ६५. | कार्यान्वयनमा नरहेको | औद्योगिक व्यवसाय ऐन र आर्थिक ऐनमा भएको Duty Draw Back सम्वन्धि व्यवस्था ऐन कार्यान्वयनमा आएको ५ बर्ष वितिसक्दा पनि कार्यान्वयनमा नआएको हुँदा गरगहना लगायत अन्य तयारी वस्तुको निर्यात गर्दा भंसार विन्दु वाटै Duty Draw Back (भंसार महशुल) फिर्ता हुने व्यवस्था गरिनु पर्ने। | भंसार विन्दु वाटै Duty Draw Back (भंसार महशुल) फिर्ता हुन सके भारत लगायत तेस्रो मुलुकमा समेत गरगहना लगायत को निर्यात बढाउन। | भारत लगायत तेस्रो मुलुकमा समेत गरगहना लगायत अन्य वस्तुको निर्यात अभिबृद्धि भएको हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ६६. | नभएको । | औषधि उद्योगलाई WHO-GMP मापदण्ड अनुसार स्तरोन्नती र उत्पादन विस्तार गर्न आवश्यक पर्ने Ventliation and Air Conditioning System, Air Humidifier र Dehumidifier, Clean Room Puff Panel (GMP), Ointment and Gel Base Materials, Pharmaceutical Fragrance, Gums, Lab Furniture लगायतका ईक्विपमेन्ट आयात गर्न महसुल छुटको व्यवस्था गरिनु पर्दछ । | नेपालका औषधि उद्योगलाई अन्तर्राट्रियस्तरको बनाई जनस्वास्थ्यको प्रवर्द्धन गर्न र उद्योग सञ्चालन र विस्तारमा लागत घटाई उत्पादन बृद्धि गर्न । | गुणस्तरीय औषधि उत्पादन भई जनस्वास्थ्यको प्रवर्द्धन हुने र औषधिको उत्पादन बृद्धि भई आयात प्रतिष्थापन भएको हुने । |
| ६७. | सम्बन्धित स्थानिय तहको सिफारिसमा फलफुल, पुष्प तथा तरकारि खेतिमा प्रयोग गर्ने कृषि तथा नर्सरि फार्मले पैठारी गर्ने उपशिर्षक ३९.२० र ३९.२१ मा पर्ने युभी प्लाष्टिक फिल्म्मा छुटको व्यवस्था छ । | आर्थिक ऐनमा भएको यो छुटको उपयोग ठुला खालका केहि किसानहरुले मात्र उपयोग गर्न सक्ने प्रकृतिको देखिएको हुँदा गरिएको हुँदा साना तथा मझौला किसानको पहुँचमा पनि पुग्न सक्ने बनाउनु पर्ने । | साना तथा मझौला किसान आफैले आयात गर्ने सम्भावना नभएको हुँदा कृषिजन्य उत्पादन अभिवृद्धिको लागि प्रदान गरिएको यो छुट सबैलाई प्रदान गर्न उपयुक्त हुने भएकोले । | फलफुल, पुष्प तथा तरकारि खेति जस्ता नगदे बालीको उत्पादन अभिवृद्धि भई वास्तविक किसान लाभान्वित भएको हुने । |
| ६८. | Anti- insect net (5407), असिना छेक्ने जालि, Anti hell net, सेड नेट (6005), Paddle Wheel Aerator लगायतका वस्तुमा भन्सार महशुल 15% Vat 13% लाग्ने व्यवस्था छ । | कृषिजन्य (तरकारी, फलफुल, मत्स्य पालन लगायतका कृषि क्षेत्रमा) कार्यमा प्रयोग हुने सामग्री भएको हुँदा हालको भन्सार दरमा छुटको व्यवस्था गरिनु पर्दछ । | बिषेश गरि यी जालिहरु तरकारी, फलफुल तथा अन्न वालीहरुको संरक्षण गर्न उपयोग गरिने भएको तथा अन्य कृषि सामाग्रीहरुमा पनि छुटको व्यवस्था भएको हुँदा यी वस्तुहरुमा पनि छुटको व्यवस्था गर्न उपयुक्त हुने भएकोले । | गुणस्तरीय कृषि सामाग्रीहरु सरल मूल्यमा उपलब्ध भई उत्पादन लागत घट्ने र नेपालको कृषिजन्य उत्पादनको बृद्धि भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ६९. | तयारी वस्तु र कच्चा पदार्थमा समान भन्सार महसुल लाग्ने व्यवस्था छ। | दाल चामल जस्ता खाद्य उद्योगलाई आवस्यक पर्ने कच्चा पदार्थहरु जस्तै विभिन्न प्रकारका गेडागुडी, धान, मैदा पिठो, आयल केक आदि र तयारी वस्तुको आयातमा भन्सार महसुल फरक हुनु पर्ने। | तयारी वस्तु भन्दा सो को कच्चा पदार्थको आयात महसुल कम्तिमा एक तह फरक गर्ने घोषित नीतिको कार्यान्वयन गरी स्वदेशी उद्योगको प्रवर्द्धन गर्न। | स्वदेशी उद्योगहरु पुर्ण क्षमतामा सञ्चालन भई थप रोजगारी सिर्जना हुनुको साथै आयात प्रतिष्थापन भएको हुने। |
| ७०. | तयारी चकलेट तथा चकलेट कम्पाउन्ड दुवैलाई आयात महसुल समान (भन्सार ४० प्रतिशत) लाग्ने व्यवस्था छ। | चकलेट कम्पाउन्ड Hs\ Code 1806.20.00 अन्तर्गत वर्गीकृत हुने वस्तु औद्योगिक कच्चा पदार्थ भएको हुँदा तयारी वस्तुभन्दा फरक भन्सार महसुल लगाइने व्यवस्था हुनपर्ने। | चकलेट कम्पाउन्ड मुख्य रूपमा बेकरी, कन्फेक्शनरी तथा खाद्य प्रशोधन उद्योगहरूले प्रयोग गर्ने कच्चा पदार्थ भएकोले ति उद्योगहरुको प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्न। | स्वदेशी उद्योग संरक्षण भई प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि हुने र आयात प्रतिष्थापनमा सहयोग पुग्ने। |
| ७१. | Fresh Water live fish मा न्युन भन्सार महसुल छ। | नेपालमा उत्पादन हुने Fresh Water live fish प्रजातीहरुमा आयात महसुल बढाउन पर्ने। | स्थानीय उत्पादनलाई प्रोत्साहन गरी आयात प्रतिष्थापन गर्न। | स्थानीय माछाका भुरा उत्पादन बृद्धि भई आयात प्रतिष्थापन भएको हुने। |
| ७२. | वैदेशिक सहयोगमा सञ्चालित आयोजनाका मास्टरलिष्ट अन्तर्गतका सामाग्रीहरु १ प्रतिशतमा आयात हुने व्यवस्था छ। | स्वदेशी उद्योगलाई वैदेशिक सहयोगमा सञ्चालित आयोजनाका लागि आपुर्ति हुने वस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ आयात गर्दा भन्सार महसुल १ प्रतिशत लाग्ने व्यवस्था गरिनु पर्ने। | स्वदेशी उद्योगको प्रतिष्पर्धात्मक क्षमता बढाई त्यसता उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न। | स्वदेशी उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन भई रोजगारी अभिवृद्धि हुनुको साथै आयात प्रतिष्थापन भएको हुने। |
| ७३. | नभएको | NNSW बाट COO बनाउदा H.S. Code 5701.10.40, 7017.90.90, 3002.15.00.91, 6405.20.00.10, 9701.91.11 नआउने भएकोले नया H.S. Code सिर्जना गरिनु पर्ने। | कर छुटमा निर्यात गर्दा यी भन्सार शिर्षक अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने भएको हुँदा नेपाल भन्सारको प्रणालीमा पनि समावेस हुनु पर्ने भएकोले। | व्यापार सहजीकरण भई निकासी प्रवर्द्धन भएको हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ७४. | Dry Port तथा अन्य मूख्य भन्सार कार्यालयहरु सीमित समयमा मात्र संचालन हुने भएकोले सामान जाँचपास पश्चात Exit गर्न असहज भएको । | Dry Port लगायत अन्य मूख्य भन्सार कार्यालयहरुमा जाँचपास भएका वस्तुहरु Exit गर्न कार्य समय (Working hour) को सिमितता हटाउनु पर्ने । | समयाभावको कारण जाँचपास भईसकेको वस्तु Exit हुन नसकी अर्को दिन पुन: कागजात पेश गरेर क्लियरेन्स गर्नु पर्ने विद्यमान व्यवस्थाले पैठारीकर्तालाई लाग्ने अतिरित्त समय र लागतको अन्त्य गर्न । | भन्सार प्रक्रिया छिटो हुने, छरितो भई कारोवार लागत घट्नुको साथै र व्यापार सहजीकरण प्रवर्द्धन भएको हुने |
| ७५. | भन्सार जाँचपासका लागि अन्य निकायबाट जारी हुने आवश्यक कागजात वा प्रमाणपत्र लिनुपर्दा व्यवसायीलाई विभिन्न निकाय धाउनु पर्ने व्यववस्था रहेको । | एक द्वार प्रणाली लागूगरी सबै अनुमति, प्रमाणपत्र तथा आवश्यक कागजात भन्सार परिसरभित्रै उपलब्ध हुने व्यवस्था गरिनुपर्ने । | विभिन्न सरकारी निकाय धाउनु पर्ने विद्यमान प्रक्रियागत झन्झट र लामो समय खर्चको अन्त्य गरी **Single window** को प्रभावकारी कार्यान्वयन गर्न । | व्यापार प्रक्रिया सरल, पारदर्शी, अनुमानयोग्य र किफायती भएको हुने । |
| ७६. | भन्सार कार्यालयमा रहेको धरौटी रकम सम्वन्धित व्यक्तिले कार्यालयमा बुझाउनु पर्ने दायित्वमा स्वत: समायोजन हुने व्यवस्था नरहेको । | कार्यालयमा रहेको धरौटी रकम निजले भन्सारलाई कुनै रकम बुझाउनु पर्ने भएमा स्वत:समायोजन गरिने र बढी धरौटी रकम तत्काल फिर्ता हुनु गरी व्यवस्था हुनुपर्ने । | System मा भएको प्रणालीगत समस्या देखाई त्यसतो रकम समायोजन नहुँदा व्यवसायीलाई दोहोरो भुक्तानीको समस्या बाट सिर्जीत आर्थिक भारबाट मुक्त गर्न । | पारदर्शी तथा छिटो छरितो भन्सार प्रक्रिया अवलम्वन भई कारोवारमा हुने अनावस्यक व्ययभार न्युनीकरण भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ७७. | सरकारको बजेट वक्तव्य पश्चात् संशोधित भन्सार महशुलका दरहरु तत्काल लागू हुने तर उक्त दरहरु अधिकारिक वेवसाइटमा निकै समय पश्चात् मात्र अद्यावधिक हुने । | बजेट वक्तव्य पश्चात् तत्काल संशोधित भन्सार महशुलका दरहरु अधिकारिक ववेसाइटमा अद्यावधिक गरिनुपर्ने व्यवस्था हुनुपर्ने । | अधिकारिक वेवसाईटमा समयमा अद्यावधिक नहुदाँ आयातकर्ताहरुमा भन्सार महशुलका दरहरुबारे अन्यौलता भई सिर्जना हुने अन्यौलता अन्त्य गर्ने । | पारदर्शिता तथा व्यापार लागतको पूर्वानुमान भई व्यापार सहजीकरणमा भएको हुने । |
| ७८. | असहज व्यवस्था रहेको | अन्तराष्ट्रिय बजारमा Exhibition का लागि लगिने नेपाली उत्पादनहरुका लागि भन्सार विन्दुमै अवश्यक धरौटी रकम राखी मेला तथा प्रदर्शनीको कार्यक्रम सम्पन्न भए पश्चात बिक्रि नभएका वस्तु फिर्ता आउँदा भन्सार विन्दुमा सहरिकरण गर्नुपर्ने। | मेला, प्रदर्शनी समाप्ति पश्चात विक्री नभई सामान फिर्ता ल्याउँदा हुने झन्झटिलो व्यवस्था संशोधन ug । | Exhibition का लागि लगिने नेपाली उत्पादनहरु फिर्तामा सहजीकरण भएको हुने । |
| ७९. | भैरहवा भन्सारमा निर्माणाधिन रहेको ICP मा सडक कनेक्टिभिटि मात्र रहेको । | भैरहवा भन्सारमा निर्माणाधिन रहेको ICP लाई यहाँको बढ्दो व्यापारिक आयातन र भविष्यको आवस्यक्तालाई समेत हेर्दा अत्याधुनिक ICP को स्थापना गर्न भारतसंग समन्वय गरि रेलवे कनेक्टीभिटीमा समेत जोडीनु पर्ने । | भैरहवा ICP वर्षौ अघिको व्यापारिक क्षमताको आधारमा डिजाईन गरिएको हुँदा विद्यमान आवस्यक्ता लाई हेर्दा डण्डा खोला र सिद्धार्थ राजमार्गको दक्षिण तर्फको खाली जग्गा अधिकरण गरी रेलवे कनेक्टीभिटी समेत जोड्न आवस्यक भएकोले । | रेलवे कनेक्टिभिटि भई आयात निर्यात व्यापार सहजीकरण हुनुको साथै व्यापार लागत कम भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ८०. | व्यवस्थित नभएको | यात्रु शाखालाई व्यवस्थित र सेवाग्राहिमैत्री बनाउने | यात्रु शाखा र यसको Handling लाई स्वचालित र प्रविधिमैत्री बनाई पर्यटन प्रवर्द्धन गर्न केन्द्रित गर्ने । | पर्यटकीय गतिविधि बढ्नुको साथै राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा सकारात्मक शन्देस प्रवाह भएको हुने । |
| ८१. | सीमास्थित नजिकको बजारसम्म आउने सुविधा छ | छिमेकी देशका पर्यटकीय सवारी साधनहरुलाई महसुल नलिई नजिकको बजारसम्म जाने विद्यमान व्यवस्थालाई संशोधन गरी पुर्व पश्चिम महेन्द्र राजमार्गसम्म वा २५ किमी सम्म जाने अनुमति दिईनु पर्दछ । | छिमेकी मुलुकका घना आवादी भएका शहरहरु भएकोले सो तुलनात्मक लाभलाई उपयोग गरी पर्यटकीय गतिविधि प्रवर्द्धन गर्न । | पर्यटकीय गतिविधि प्रवर्द्धन भई थप रोजगारी सिर्जना हुने । |
| ८२. | ASYCUDA World प्रणाली हाल मुख्य रूपमा भन्सार एजेन्टहरूलाई मात्र उपलब्ध रहेको छ । | आयातकर्तालाई सीमित पहुँच (View-only) को भए पनि ASYCUDA प्रणालीमा पहुँच दिईनु पर्दछ । | आयातकर्तालाई घोषणाको क्रममा एजेन्टले गर्ने त्रुटि न्यूनीकरण गर्न र जाँचपास पछि आउने अनावश्यक विवाद न्यूनीकरण गर्न । | त्रुटि न्यूनीकरण भई पारदर्शिता अभिवृद्धि हुनुको साथै मूल्याङ्कन, वर्गीकरण जस्ता विवाद न्यूनीकरण भएको हुने । |
| ८३. | स्पष्ट व्यवस्था नभएको | सीमास्थित चोरी निकासी पैठारी नियन्त्रण गर्ने प्राथमिक उत्तरदायित्व भएको जिम्मेवार निकायको रुपमा सशस्त्र प्रहरीलाई तोकी सीमा क्षेत्रमा आधुनिक उपकरण सहित Border Out Post थप गरिनु पर्ने ।। | अनधिकृत व्यापार नियन्त्रणका लागि प्राथमिक उत्तरदायित्व भएको जिम्मेवार निकाय तोक्न आवश्यक भएकोले । | अनधिकृत व्यापार नियन्त्रण भई बैध व्यापार प्रोत्साहित हुने र आन्तरिक राजस्व परिचालनमा अभिवृद्धि हुने । |
| ८४. | आन्तरिक उत्पादनका धेरै वस्तुमा अन्तःशुल्क लाग्ने व्यवस्था छ । | आन्तरिक उत्पादनको हकमा मदिरा, चुरोट, सुर्तिजन्य स्वास्थ्यलाई हानी गर्ने बस्तुमा मात्र अन्तःशुल्क लगाउन पर्ने । | करको भार धेरै बढ्न गई स्वदेशी उत्पादन महंगो भई आयातित बस्तुसंगको प्रतिस्पर्धा क्षमतामा ह्रास आउने । | स्वदेशी उत्पादन बृद्धि हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ८५. | अन्तशुल्क लाग्ने व्यवस्था छ । | स्वदेशी उद्योगले आफ्नो उत्पादनमा प्रयोग गर्ने कुनै पनि कच्चा पदार्थ आयात गर्दा अन्तःशुल्क नलाग्ने व्यवस्था गरिनु पर्ने । | स्वदेशी उद्योगले प्रयोग गर्ने कतिपय कच्चा पदार्थ आयात गर्दा अन्तःशुल्क लाग्ने व्यवस्था हटाई उत्पादित वस्तुको प्रतिष्पर्धात्मक क्षमता बढाउन । | स्वदेशी उद्योगका उत्पादन वृद्धि हुनुको साथै यसले समग्र उत्पादन क्षेत्र बढ्न गई सोही अनुसार रोजगारी र राजस्व समेत अभिवृद्धि पनि हुने । |
| ८६. | नभएको | स्वयम निष्काशन प्रणाली मार्फत अन्तःशुल्क भुक्तानी गर्ने करदाताहरूले सम्वत २०८२ चैत्र मसान्त सम्म बाँकी वक्यौता अन्तः शुल्क र सो को विवरण दाखिला नगरेका करदाताहरूले आ.व.०८३/०८४ को फाल्गुन मसान्त सम्म विवरण दाखिला र बाँकी बक्यौता भुक्तानी गरेमा विवरण दाखिला नगरे बापत लाग्ने जरीवानामा सत प्रतिशत र बाकी वक्यौताको व्याजमा पचास प्रतिशत छुट दिइने छ भनी स्किम ल्याईनु पर्ने । | बजारमा भुक्तानी चक्क विग्रिएको र मन्दी बाट आघात साना तथा मझौला उद्योगहरू पुर्नताजगीकरण गर्न मद्धत पुग्ने र समयमै भुक्तानी गर्न नसकेका कारण पुरानो बक्यौता भुक्तानी नभए परेका उद्योगलाई राहत पुग्ने र बांकी बक्यौता कर समेत असुली हुने व्यवस्था गर्नको लागि । | अन्तशुल्क सम्वन्धि बाँकि बक्यौता असुल उपर हुनुको साथै आर्थिक मन्दी बाट आघात साना तथा मझौला उद्योगहरूको पुर्नताजगीकरण हुने । |
| ८७. | नभएको | मु.अ.करको विवरणमा Self Verification को सुविधा भएजस्तै अन्तशुल्कको विवरणको पनि Verification गर्ने सुविधा हुनु पर्ने । | अन्तशुल्कको विवरण Verification गर्न आन्तरिक राजस्व कार्यालयमानै जान पर्ने विद्यमान व्यवस्था अन्त्य गरी अनलाईन सुविधा प्रदान गन | करदातालाई घरमै बसी स्वचालित रुपमा सुविधा प्राप्त भई समय र लागत दुवै बचत हुने । |
| ८८. | नभएको | निर्यात गरिने तयारी वस्तुमा प्रयोग हुने अन्तःशुल्क लाग्ने कच्चा पदार्थ (जस्तै प्लास्टिक दाना, स्पिरिट आदि) मा 'Duty Drawback' को प्रक्रियालाई झन्झटमुक्त बनाउनुपर्ने । | निर्यात गरिने तयारी वस्तुमा प्रयोग हुने कच्चा पदार्थमा लाग्ने अन्तःशुल्कको फिर्ता वा समायोजन सहज बनाई उद्योगको प्रतिष्पर्धात्मक क्षमता बढाउन । | निर्यातजन्य उद्योगहरुको प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि भई रोजगारीका अवसरहरु बढ्ने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ८९. | अन्तशूल्क निर्धारणमा चित्त नबुझी पुनरावलोकन गर्दा १०० प्रतिशत नगद धरौटी राख्नु पर्ने व्यवस्था छ। | यसलाई अन्य कर निर्धारणको पुनरावलोकन गर्दा राख्नु पर्ने नगद धरौटी सरह २५ प्रतिशत कायम गरिनु पर्ने। | कर प्रशासनले गरेको अन्तशूल्क निर्धारणमा चित्त नवुझेको खण्डमा पुनराबलोकन गर्न पाउने करदाताको अधिकारलाई सहज बनाई अन्य प्रकृतिको कर निर्धारण पुनरावलोकन सरह बनाउन। | अन्तशुल्क निर्धारण आदेशको पुनरावलोकन प्रकृया सहज हुने र अन्य करको पुनरावलोकन प्रक्रियासंग तादात्म्य भएको हुने। |
| ९०. | नभएको | प्याकेजिङ तथा निर्माणजन्य प्लाष्टिक सामाग्री उत्पादन गर्ने उद्योगले प्रयोग हुने कच्चा पदार्थ पोलिमर रेजीन लगायतका वस्तुमा भन्सार महसुल ५० प्रतिशत कम गरिनु पर्ने। | मध्यपूर्वमा जारी संकटले विस्वव्यापी आपूर्ति संृखला अवरुद्ध भएको हुनाले पोलिमर रेजीन लगायत प्याकेजिङ सामाग्रीको अभाव र लागत वृद्धि र छिमेकी मुलुक भारतमा समेत शून्य भन्सार महसुल कायम भएकोले प्रभावित उद्योगहरुको संरक्षण गर्न। | यस प्रकृतिका उद्योगहरु सञ्चालनको वातावरण भई रोजगारी र उत्पादन निरन्तर भएको हुने। |
| ९१. | Backery Shortening मा १० प्रतिशत अन्तशुल्क लाग्ने व्यवस्था छ। | विस्कुट उद्योगको कच्चा पदार्थको भएको हुँदा उद्योग स्वयंले आयात गर्दा अन्तशुल्क हटाईनु पर्ने। | विस्कुटमा अन्तशुल्क नलाग्ने भएकोले कच्चा पदार्थमा लागेको अन्तशुल्क मिलान गर्न नपाई लागत बढ्न गएको हुनाले उद्योग स्वयंले आयात गर्नेको हकमा अन्तशुल्क उने भएकोले | विस्कुत उद्योगको प्रतिष्पर्धात्मक क्षमता बढी थप रोजगारी र राजस्व समेत अभिवृद्धि भएको हुने। |
| ९२. | निकासी शुल्क रु. ६ भएको | कोर भेनियर पत्ता निकासी शुल्क घटाउनुपर्ने। | भेनियर उद्योगहरुको मुख्य उत्पादन कोर भेनियर स्वदेशमा मात्र खपत हुन नसकेको हुंदा निकासी सहजिकरण हुने । | निकासी भएको हुने। |
| **मूल्य अभिवृद्धि कर** | | | | |
| ९३. | हाल मु.अ.को दर १३ प्रतिशत एकल दर छ। | बहुदरयुक्त मूअक प्रणाली लागू गर्न तयारी प्रारम्भ गरी केही अत्यावस्यक वस्तु तथा सेवाको कारोवारमा तत्कालै मूअकको Reduced Rate कार्यान्वयन गरिनु पर्दछ। | बहुदरयुक्त मूअक प्रणाली लागू गर्न सैद्धान्तिक र प्रणालीगत चुनौतीहरु भए पनि विद्यमान एकल दरको मूअक व्यवस्थाले उच्च करको भार सिर्जना गरेको हुँदा सोको तयारी थाल्न र तत्कालको लागि केही अत्यावसकीय वस्तु तथा सेवामा मूअकको Reduced rate कार्यान्यन गर्न। | आयातित बस्तु तथा सेवासंग स्वदेशी उत्पादनले प्रतिस्पर्धा गर्न सहज भई उत्पादनमुलक क्षेत्रमा थप रोजगारी सृजना र उत्पादन समेत अभिवृद्धि हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ९४. | मूल्य अभिबृद्धि कर नियमावली<br>नियमा ६ग: ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्ति बापतको कर भुक्तानी सबन्धी विशेष व्यवस्था । | खारेज गर्नु पर्ने । | ठेक्का संभ्कौता वा करार अन्तर्गतको मु.अ.कर बापतको तीस प्रतिशत रकम भुक्तानीकर्तालेनै सिधै राजश्व खातामा जम्मा गर्ने ब्यबस्थाले करदाताको् क्रेडिट दाबी गर्ने कानुनी अधिकारबाट बञ्चित भएको, नगद प्रबाहमा असर परेको, सरकार र व्यवसायीको बिचमा बिस्वासको संकट सिर्जना भएको हुँदा सोको समाधान गर्न । | करदाताको क्रेडिट दाबीको अधिकार प्रत्याभुत हुनुको साथै नगद प्रबाहमा परेको प्रतिकूल असर समाधान भएको हुने । |
| ९५. | मूअक लाग्ने व्यवस्था भएको | एअरलाईन्स कम्पनीले विदेशी पर्यटकलाई विदेशी मुद्रामा भुक्तानी हुने गरी टिकट जारी गरिएको सेवामा मूअक छुट हुने व्यवस्था हुनु पर्ने । | मूअक ऐन अनुसार निर्यात हुने वस्तु एवं नेपाल बाहिरका व्यक्तिलाई आपूर्ति भएको सेवामा मूअक छुट हुने भएकोले । | कानूनको पुर्ण परिपालना भई पर्यटन उद्योगहरु प्रवर्द्धन हुने । |
| ९६. | मिसम्याच सम्बन्धी व्यवस्था । | मिसम्याच सम्बन्धी बढ्दो समस्याहरुलाई स्थायी समाधान गर्न उपयुक्त स्किम सहितको व्यवस्था आर्थिक ऐनमा गर्न । | बढ्दो मिसम्याचको कारणले व्यवसायीहरुको कारोवार लेखांकनमा आई परेको समस्या समाधान गर्न । | बढ्दो मिसम्याचको कारणले व्यवसायीहरुको कारोवारमा पर्न गएको समस्या समाधान हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ९७. | मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ९ र मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम बमोजिम विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा बीस लाख रूपैयाँसम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई दर्ता गर्न, विवरण पेश गर्न र अन्य प्रक्रिया पूरा गर्न नपर्ने गरी तोकिए बमोजिम छुट दिने व्यवस्था । | मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ९ र मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम  बमोजिम विगत बाह्र महिनामा वस्तुको हकमा एक करोड रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा पचास लाख रूपैयाँसम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई दर्ता गर्न, विवरण पेश गर्न र अन्य प्रक्रिया पूरा गर्न नपर्ने गरी तोकिए बमोजिम छुट दिने व्यवस्था गर्नु पर्ने । | व्यवसायीलाई दर्ता गर्न, विवरण पेश गर्न र अन्य प्रक्रिया पुरा गर्न हुने असहजता र प्रशासनिक जटिलता न्यूनिकरण गर्न । | व्यवसायी दर्ता गर्न, विवरण पेश गर्ने लगायतका कर प्रशासन सम्बद्ध प्रक्रियाबाट मुक्त हुने । |
| ९८. | नभएको | २०८४ असार मसान्त भित्र वित्तिय व्यवस्थापन भएका जलविद्युत कम्पनीहरूलाई १० वर्षसम्म पूरै तथा १० देखि १५ वर्षसम्म ५० प्रतिशतका दरले आयकरमा छुट पाउने र मूअक फिर्ता दिने व्यवस्था भएकोमा, सो समय सीमालाई १० वर्ष थप गरिनु पर्दछ । | नेपाल भारत बीच १० हजार मेगावाट विद्युत बिक्री सम्झौता भएको परिप्रेक्ष्यमा लक्ष्य अनुसार विद्युत निकाशी गरी  आन्तरिक माग समेत परिपुर्ति  गर्न थप विद्युत उत्पादन प्रोत्साहित गर्न । | नेपाल भारत बीच भएको विद्युत बिक्री सम्झौता अनुसार विद्युत उत्पादनको लागि आवस्यक लगानी जुटाउन सहज हुने र आन्तरिक माग परिपुर्ति गरी निरन्तर विद्यूत आपूर्ति हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ९९. | हाल भन्सार शुल्क प्रयोजनका लागि कायम गरिएको मुल्यांकनलाई आधार मानी मु.अ.कर र आयकर गणना गर्ने गरिएको । | मु.अ.कर र आयकर गणनाको लागि कारोबार मुल्यलाई नै आधार मान्नु पर्ने । | हाल भन्सार शुल्क प्रयोजनका लागि कायम गरिएको मुल्यांकनलाई आधार मानी मु.अ.कर र आयकर गणना गरिनु पर्ने निर्देशनले आयात व्यापारमा असहजता उत्पन्न भएको एवं सो निर्देशन अव्यवहारीक भएकाले यथासिघ्र सो व्यवस्थालाई हटाइनुपर्दछ | कारोबारको लेखा राख्नु सहज हुने । |
| १०० | VAT फिर्ता प्रक्रियामा ढिलाइ र नगद प्रवाहमा दबाव | VAT Refund को अधिकतम समयसीमा निर्धारण गरी स्वचालित (ब्गतयकबतभम) तथा पारदर्शी रुपमा फिर्ता प्रणालीको व्यवस्था | VAT फिर्ता प्रक्रियामा भई रहेको ढिलाइको अन्त्य गरी व्यापारिक समुदायमा परिरहेको नगद प्रवाहकृ प्रवाहको दबाव कम गर्न । | व्यवसायीको नगद प्रवाह सुदृढ भई लगानी पुनःचक्रण सहज हुनेछ । |
| १०१. | नभएको | करदाताले मूल्य अभिवृद्धि कर बापत फिर्ता पाउनु पर्ने रकमलाई अग्रीम आयकर, अन्त शुल्क तथा अन्य करसंग मिलान गर्ने सुविधा हुनु पर्दछ । | मूअक समायोजनको लागि सहज बनाई प्रक्रियागत सरलीकरण गर्न । | मूअक फिर्ता सम्वन्धि व्यवस्था प्रभावकारी भई करदाताको कर प्रशासनप्रतिको विस्वस्नीयता अभिवृद्धि हुने । |
| १०२. | व्यापारको सिलसिलामा टुटफुट, लिकेज तथा म्याद गुज्रिएको हुनसक्ने भएको तर मु.अ.कर र आयकरमा यस्ता खर्चहरुलाई मिन्हा दिने प्रावधान जटिल रहेको । | व्यापारको क्रममा टुटफुट र लिकेज तथा म्याद गुज्रिएको हुनसक्ने हुंदा मु.अ.कर र आयकरमा यस्ता खर्चहरुलाई मिन्हा दिने प्रावधानलाई सरलीकरण गर्न । | व्यापारको सिलसिलामा टुटफुट, लिकेज तथा म्याद गुज्रिएको कारणले हुने व्यापारिक नोक्सानीलाई सहज तरिकाले सम्बोधन गर्न । | व्यापारीहरुले नियमित रुपमा भोगिरहेको समस्याको अन्त हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १०३. | नभएको | निर्यातजन्य उद्योगले स्वदेशी कच्चा पदार्थ खरिद गर्दा तिर्ने VAT लाई Zero–rating मा गणना गर्ने व्यवस्था गर्नुपर्ने । | मूअक ऐनमा निकाशीमा शून्य दरको मूअक लाग्ने व्यवस्था भएको हुँदा ईनपुटमा तिरेका कर नियमानुसार फिर्ता दिने व्यवस्थाको लागि । | निर्यातजन्य उद्योगले स्वदेशी कच्चा पदार्थ खरिद गर्दा तिर्ने VAT लाई Zero–rating मा गणना गर्ने व्यवस्था भएमा निकाशीजन्य उद्योगहरुको प्रतिष्पर्धात्मक क्षमता बढ्ने । |
| १०४ | नभएको | स्थानीय Scrap खरिदमा रिभर्स भ्याट प्रणाली लागु गरिनु पर्ने । | प्रयोग भएका (स्क्रेप) वस्तु खरिद गर्दा खरिदकर्ताले सिधै भ्याट तिर्न सक्ने र सा भ्याट रकम उद्योगले क्रेडिट दिन सक्ने व्यवस्था सहज भई कारोवार पारदर्शी र कर अनुपालन अभिवृद्धि गर्न । | यस्ता वस्तुको कारोवारमा सहजता भई कर कट्टी र कर दाबी सहज भएको हुने । |
| **गैरकर** | | | | |
| १०५. | विभिन्न स्थानमा छरिएर रहेको । | नेपाल सरकारले संकलन गर्ने गैर कर राजस्व (शुल्क, दस्तुर, जरिवाना लगायतका रकमहरु) का दर र संकलन प्रक्रिया विभिन्न कानुनमा छरिएर रहेकोले यसको सहज सञ्चालन र प्रभावकारी संकलनको लागि एकिकृत गैर कर सम्वन्धी छाता ऐन (Umbrella Act) ल्याईनु पर्दछ । | नेपाल सरकारले संकलन गर्ने गैर कर तर्फ विभिन्न शुल्क, दस्तुर, जरिवाना लगायतका विषयहरु विभिन्न कानुनमा छरिएर रहेकोले एकिकृत गैरकर सम्वन्धि कानुन बनाई कर प्रशासन तथा संकलन प्रक्रियालाई करदाता सेवामैत्री बनाउन । | गैरकर प्रशासन सहज र सरल भई सेवा प्रभावकारी हुने र राजस्व संकलन समेत बढ्ने । |
| १०६. | प्रभावकारी व्यवस्था नभएको | फर्म/ कम्पनी दर्ता पछि सो को बहिर्गमन (Exit), पुनः सञ्चालन वा समायोजनको प्रकृयाको लागि सहज स्किमको व्यबस्था हुनु पर्दछ । | वहिर्गमनको प्रक्रिया अत्यन्त जटिल र झनझटिलो भएको कारणले बढ्दो नन्फाईलर न्युनीकरण गर्न र झन्झटीलो सेवाप्रवाहलाई प्रभावकारी बनाई व्यवशाय बन्द वा पून:सञ्चालनको प्रकृया सरल बनाउन । | स्वस्थ्य व्यवशायिक वातावरण निर्माण भई सर्वसाधरणले भोगीरहेको कर चुक्ता र फरफारक सम्वन्धि समस्याबाट मुक्त हुने । केही मात्रामा भएपनि वक्यौता राजस्व असुलीमा सहयोग पुग्ने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १०७. | प्रभावकारी व्यवस्था नभएको | व्यवसाय दर्ता पछि बिभिन्न कारणबस सञ्चालनमा नआएका फर्म, कम्पनी बन्द गर्न वा पुन: सञ्चालन गर्न चाहेमा लाग्ने कर महशुलहरूको बक्यौता मिन्हा गरी वहिर्गमन वा पुन: सञ्चालन सम्बन्धी स्किमको व्यबस्था हुनु पर्दछ। | वहिर्गमनको प्रक्रिया अत्यन्त जटिल र झनझटिलो भएको हुनाले धेरै नन्फाईलर रही सरकारी अभिलेख दुरुस्त नरहेको साथै सेवाग्राहिहरु पनि आफ्नो व्यवशाय बन्द गर्न वा पून:सञ्चालनको लागि जटिल कार्यप्रक्रियाहरु सरल बनाउन। | स्वस्थ्य व्यवशायिक वातावरण निर्माण भई सर्वसाधरणले भोगीरहेको कर चुक्ता र फरफारक सम्वन्धि समस्याबाट मुक्त हुने। केही मात्रामा भएपनि वक्यौता राजस्व असुलीमा सहयोग पुग्ने। |
| १०८. | नभएको | घर बहाल कर व्यक्ति र निकायले छुट्टाछुट्टै स्थानमा तिर्नु पर्ने प्रचलित व्यबस्था भएकोले यसलाई एउटै विन्दुमा तिर्ने व्यवस्था हुनु पर्दछ। | घर बहाल कर व्यक्ति र निकायले नेपाल सरकार र स्थानिय तहमा अलग अलग तिर्नु पर्ने प्रचलित व्यवस्थाले करदातालाई अन्यौल र करको व्याख्यामा देखिएको दोहोरोपनको अन्त्य गर्न। | करदाता र सरकारलाई समेत सहज भई करप्रशासन प्रभावकारी भई राजस्व संकलन वृद्धि हुने। |
| १०९. | व्यवसायमैत्री नभएको | खनिज तथा खानीजन्य वस्तुमा लाग्दै प्रचलित रोयल्टी तथा शुल्कहरुको पुनरावलोकन गरीनु पर्ने। | खानीजन्य उद्योगको नेपालमा प्रचुर संभावना भएकोले सो को विकास गर्न आवस्यक लगानी जुटाई आयात प्रतिष्थापन गरी निकासी प्रवर्द्धन गर्न | तुलनात्मक लाभको क्षेत्र भएको हुँदा खनिजजन्य उद्योग स्थापना भई रोजगारी सिर्जना हुनुको साथै मुलुकको औद्योगिकरणमा सहयोग पुग्ने। |
| ११०. | नभएको | व्यवसायिक उपार्जनमा प्रयोग हुने सक्रिय सम्पत्तिमा सम्पत्ति कर लाग्ने व्यवस्था खारेज गरिनु पर्दछ। | व्यवशायिक उपार्जनमा प्रयोग हुने सक्रिय सम्पत्तिको उपयोग भई आय आर्जन भई सो वापतको आयमा कर तिरि रहेको हुनाले दोहोरो करको भारबाट मुक्त गर्न। | विद्यमान दोहोरो कर लाग्ने व्यवस्थाको अन्त्य हुने। |
| १११. | नभएको | केन्द्र, प्रदेश र स्थानीय तहमा लाग्ने गैरकरका दर र स्वरुपमा धेरै असमानता र व्यवसाय निरुत्साहित गर्ने प्रकृतिका भएका हुनाले समान गैरकर प्रणाली र सहज कर भूक्तान प्रणालीको स्थापना गरिनु पर्दछ। | केन्द्र, प्रदेश र स्थानीय तहमा लाग्ने गैरकरका स्वरुप र प्रक्रिया फरक फरक भए पनि सहज कर संकलन र सरकार तथा व्यवसायी दुबैको लागत न्युनीकरणको गर्न। | करदाता र सरकार दुबै पक्षलाई करको लागत कम हुने र व्यवशाय सञ्चालन गर्न अवरोधहरु कम भएको हुने। |

| क्र .सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ११२. | गैरकरका दर बढी र उच्च भएका | गैरकर दरका सीमा र संख्या घटाई गैरकरको प्रचलित संरचनालाई सरलीकृत गर्नु पर्दछ। | गैरकरका धेरै दर न्युनिकरण र सहज बनाई अर्थतन्त्रमा गैरकरको हिस्सा बढाई कर संकलनलाई चुस्त र दुरुस्त बनाउन। | गैरकर प्रशासन करदातामैत्री भई गैरकरको संकलन प्रभावकारी हुने। |
| ११३. | फरक फरक भएको | प्रदेश सरकारबाट लगाइएको चलचित्र विकास शुल्क र मनोरंजन करको दर प्रदेशै पिच्छे फरक फरक प्रकारको दर भएको हुंदा अन्तरप्रदेश एकरुपता कायम गरी मनोरंजन कर खारेज गरिनु पर्ने। | मनोरञ्जन कर लाई प्रतिष्थापित गरी मूअक लगाईएको हुँदा दोहोरो र असमान करका दरबाट व्यवशायमा पर्न गएको नकारात्मक असर न्यूनीकरण गर्न। | करको भार व्यवशायमैत्री भई लगानीको वातावरण अभिवृद्धि हुने र आर्थिक गतिविधि बढेको हुने। |
| ११४. | नभएको | एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा वा सो बाटो हुँदै उत्पादित वस्तु पठाउँदा लाग्दै आएको निकासी कर, कवाडी करहरु लाग्ने प्रचलित व्यवस्था खारेज गरिनु पर्दछ। | एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा उत्पादनहरु लैंजादा वा बाटो प्रयोग गर्दा हरेक स्थानीय तहमा कर लिने व्यवस्थाले स्थानीय उत्पादन ओसारपसार र निकाशी गर्दा सिर्जीत अवरोध अन्त्य गर्न। | स्थानीय उत्पादन प्रवर्द्धन भई उत्पादन वृद्धि तथा स्वरोजगार सृजना भएको हुने। |
| ११५. | निकासी हुने वस्तुमा शुल्क, दस्तुरहरु धेरै र उच्च भएको | नेपालबाट निकासी हुने बस्तुमा प्रयोगशाला शुल्क, सिफारिस शुल्क र प्रमाणीकरण शुल्क लगायतका अन्य धेरै प्रकारका उच्च गैर-करको भार भएकोले त्यसलाई कटौती गर्नु पर्ने । | निकासीजन्य वस्तुमा विभिन्न नाम र स्वरुपका कर, दस्तुर, शुल्क लाग्ने विद्यमान व्यवस्था हटाई लागत प्रतिस्पर्धी बनाउन। | निकाशी प्रबर्द्धन हुनुको साथै रोजगारी सिर्जना र अर्थतन्त्रमा सकारात्मक योगदान भएको हुने। |
| ११६. | हाल व्यबस्था नभएको | निर्यातका लागि स्थानीय तह, प्रदेश र केन्द्रले छुट्टाछुट्टै लिंदै आएको निकासी कर, वातावरण कर वा सेवा शुल्कको नाममा लिईने कर शुल्कहरु खारेज गरी भन्सार बिन्दु एकिकृत करको व्यवस्था गरिनु पर्ने। | तिन तहको सरकारबिच निकासीजन्य कर संकलनको क्रममा भैरहेको दोहोरोपना र प्रकृयागत झन्झटको अन्त्य गरी निर्वाध निकासीको वातावरण बनाउन। | निकाशीजन्य उद्योगहरु लाभान्वित भई निकासी प्रवर्द्धनमा सहयोग पुग्नुको साथै सबै तहका सरकारको कम लागतमा राजस्व संकलन भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| ११७. | विभिन्न स्थानीय सरकारले लिने असमान र उच्च गैर करका दरहरु | स्थानीय तहहरुले लिंदै आएका व्यवसाय कर,सम्पत्तिकर तथा विज्ञापन कर लगायतका करहरु एकापसमा असमान र उच्च भएको हुँदा यसता करका दरहरुको हार्मोनाईज र व्यवसायमैत्री बनाईनुपर्ने । | अलग अलग स्थानीय तहले लिने गैरकरका दरहरु असमान र उच्च भएको हुनाले व्यवसायिक संस्कृतिलाई निरुत्साहित गर्ने भएको हुँदा स्थानीय तहका बिच आपसी सहकार्यमा कर तथा सेवाशुल्कका दरहरु व्यवसायमैत्री बनाउन । | कर दस्तुरहरु मनासिब र व्यवसाय प्रवर्द्धक भई आर्थिक गतिविधि अभिबृद्धि हुनुको साथै अर्थतन्त्र चलायामान भएको हुने । |
| ११८. | नभएको | National Export Portal सरकारले मात्र गर्न पाउने संचालन गर्न पाउने प्रचलित व्यवस्थामा संशोधन गरी निजीक्षेत्रका छाता संगठनले पनि यस्ता Online Portal संचालन गर्न पाउने व्यवस्था गर्नुपर्ने । | निर्यात प्रवर्द्धनका लागि उत्पादन जस्तै बजारीकरणको पनि भूमिका हुने भएकोले हाल सरकारी तवरबाट मात्रै National Export Portal संचालन गर्न पाउने भए पनि निर्यात प्रवर्द्धनका निजी क्षेत्रका् भूमिका बढाउन । | निकाशी प्रवर्द्धनमा निजी क्षेत्रको् भूमिका बढ्न गई सरकारी र निजी क्षेत्रको साझेदारीमा निकासी प्रवर्द्धनमा थप सहयोग भएको हुने । |
| ११९. | नभएको | संघ, प्रदेश र स्थानीय तहका सरकारले लगाउने कुनै कर दोहोरो पर्न गए त्यस्तो कर समायोजन गर्न पाउने व्यवस्था गरिनु पर्दछ । | कतिपय प्रदेश र स्थानीय तहका सरकारले एकै प्रकृतिका कवाडी कर, निकासी कर लगायतका दोहोरो करको अन्त्य गर्न । | उद्यमी व्यवसायीलाई लाग्दै आएको दोहोरो कर समायोजनको सुविधा उपलब्ध भई दोहोरो करबाट मुक्ति भएको हुने । |
| **बैंक, वीमा तथा पुँजी बजार** | | | | |
| १२०. | नभएको | साना, मझौला, उत्पादनमुलक र समस्यामा भएका उद्योगलाई राहत दिन पुनकर्जाको सुविधा, कर्जाको पुनसंरचना र पुनर्तालिकिकरण, लगायतका सुविधा उपलब्ध गराईनु पर्छ । | सहकारी एवं लघु वित्तमा आएको समस्याका कारण साना मझौला उद्यमीलाई आवश्यक पर्ने लगानी रकमको सहज आपूर्ति गरी चलायमान बनाउन । | सहकारी एवं लघु वित्तमा आएको समस्याले साना मझौला उद्यमीलाई पर्न गएको समस्या समाधान हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १२१. | नभएको | वैदेशिक रोजगारीमा जानेले नियमित रुपमा वैध माध्यमबाट रेमिट्यान्स पठाएमा नेपालस्थित निजको आश्रित परिवारलाई सहुलियत दरमा विशेष उद्यमी कर्जा उपलब्ध गराउने व्यवस्था गरिनु पर्ने । | रेमिट्यान्सको रकम बैध माध्यमबाट नेपाल पठाउन प्रोत्साहन हुनुको साथै बैदेशिक रोजगारीमा जाने व्यक्तिको आश्रित परिवारलाई व्यवसाय सञ्चालनको लागि कर्जा उपलब्ध गराउन । | वैध माध्यमबाट रेमिट्यान्स आउने क्रम बढ्नुको साथै नेपालस्थित निजको परिवारलाई आवश्यक श्रोत उपलब्ध भई स्वआर्जनका गतिविधि बढ्ने । |
| १२२. | बैंकहरूले PE/VC कोषमा लगानी गर्दा हाल आफ्नो core capital घटाउनुपर्ने व्यवस्था छ, जसले यस्तो लगानीलाई आकर्षक बनाउँदैन । | बैंकहरूलाई आफ्नो नियामकीय पूँजीको निश्चित प्रतिशत (५-१०% कुल पूँजी कोषको) सम्म PE/VC कोषमा core capital नघटाई लगानी गर्न अनुमति दिने व्यवस्था हुनु पर्ने । | अन्तर्राष्ट्रिय रूपमा अवलम्बन गरिएको अभ्यास अभ्यास अनुरुप PE/VC कोषमा लगानीको लागि नीतिगत व्यवस्था हुन आवस्यक भएकोले । | यसले बैंकहरूलाई दीर्घकालीन लगानीकर्ताको रूपमा सहभागी हुन प्रोत्साहित गर्छ । |
| १२३. | बीमा कम्पनीहरूले PE/VC कोषमा कुल लगानीको १.५% मात्र लगानी गर्ने प्रावधान छ, । | बीमा कम्पनीहरूले PE/VC कोषमा लगानी सीमा बढाएर आफ्नो लगानी पोर्टफोलियोको ५-१०% सम्म पुऱ्याउने । | बीमा कम्पनीहरूसँग दीर्घकालीन पूँजी हुन्छ जुन निजी इक्विटी कोषहरूको दीर्घकालीन लगानी अवधिसँग मेल खाने भएकेले संस्थागत सहभागिता बढाउन । | PE/VC कोषमा लगानी रकमको अभाव नहुने । |
| १२४ | नभएको | मुलुकलाई ग्रे-लिष्टबाट बाहिर निकाल्नको लागि आवस्यक कदमहरु चालिनु पर्ने । | अन्तर्राष्ट्रियस्तरमा गुमेको वित्तीय विस्वसनीयता फर्काई बैदेशिक लगानीको वातावरण बनाउन । | अन्तर्राष्ट्रियस्तरमा विस्वस्नीय लगानीको वातावरण बनी उत्पादन, रोजगारी र राजस्व अभिवृद्धि हुने । |
| १२५. | एकल ISIN प्रणालीको प्रयोग । | एकल ISIN प्रणाली कायम राख्दै, प्रमोटर सेयरको lock-in अवधि निगरानी र कार्यान्वयनका लागि नियामकीय नियन्त्रण संयन्त्र लागू गर्ने। | Lock-in अवधि पछि सेयर वर्ग रूपान्तरणको स्पष्ट रूपरेखा बिना double ISIN लागू गर्दा समस्या उत्पन्न हुन्छ; एकल ISIN सँग lock-in नियन्त्रण संयन्त्रले lock-in control नियमको अनुपालन सुनिश्चित गर्छ, अल्पसंख्यक शेयरधारकको सुरक्षा गर्छ, PE/VC लगानीकर्ताको exit समय सुनिश्चित गर्छ, र PE/VC कोष संरचनामा अस्पष्टता घटाउँछ । | एकल ISIN प्रणालीको प्रयोगले Lock-in अवधि पछि सुनिश्चित भएपछि अल्पसंख्यक शेयरधारकको सुरक्षा गर्दै PE/VC लगानीकर्ताको exit समय सुनिश्चित गर्छ। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १२६. | कर लाग्ने व्यवस्था भएको। | निकायले पूंजीकरण गर्ने बोनस शेयरले सो निकायको लगानीको क्षमता बढाउने भएकोले उक्त बोनस शेयरलाई लाभांसको रुपमा गणना गरी कर लगाउन नहुने। | अन्तर्राष्ट्रिय अभ्यास अनुकूल हुनुका साथै नाफा रकम पूंजिकृत भई व्यवसाय विस्तारका साथै रोजगारी सिर्जना गर्न। | लगानी अभिबृद्धि हुने। |
| १२७. | स्पष्ट नभएको | नेप्से र सिडिएसको पुनर्सरचना गरी निजी क्षेत्रको सहभागिता बढाउने र धितोपत्र बोर्डलाई स्वायत्त बनाई पर्ने। | धितोपत्र बोर्डलाई स्वायत्त बनाई यसका काम कार्वाहीहरु पारदर्शी र सार्वजनिक जवाफदेही बनाउन। | पुँजी बजारको स्वस्थ्य विकास गरी सर्वसाधारण लगानीकर्ताको विस्वास अभिवृद्धि भएको हुने। |
| १२८. | प्रभावकारी नभएको | विप्रेषण लगानी र डायस्पोरा पुंजी परिचालनको लागि डायस्पोरा इन्भेष्टमेन्ट बण्ड (Diaspora Investment Bonds) जारी गर्ने र वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई पर्यटन, जलविद्युत र कृषिमा लगानी गर्न प्रोत्साहित गर्ने। | विप्रेषण लगानी र डायस्पोरा पुँजी नेपालको वैदेशिक मुद्रा भित्रिने मुख्य स्रोत भएको हुँदा यो आम्दानीको ठूलो हिस्सा लगानीको सट्टा उपभोगमा खर्च भइरहेकोले यसलाई उत्पादनमुलक क्षेत्रमा लगानी गने वातावरण सिर्जना गर्न। | मुलुकको विकास निर्माणको लाीग पूँजीको अभाव भईरहेकोमा सो को परिपुर्तीको भई अर्थतन्त्रको विकास हुने। |
| १२९. | प्रभावकारी र समन्वयात्मक रुपमा नभएको। | हरित अर्थतन्त्र र जलवायु वित्त परिचालनको लागि दिगो आयोजनाहरूमा लगानी जुटाउन 'ग्रीन बण्ड' (Green Bonds) जारी गर्ने, विद्युतीय सवारी साधन र चार्जिङ पूर्वाधारलाई प्रवर्द्धन गर्ने, इको-टुरिजम र दिगो कृषिलाई प्रोत्साहन गरिनु पर्दछ। | नवीकरणीय ऊर्जा र हरित पर्यटनमा यहाँ रहेका अवसरहरूको सदुपयोग भई वैकल्पिक वित्त परिचालन गर्न। | वैकल्पिक वित्त परिचालन भई अर्थतन्त्रको विकासमा लगानी कमी पुरा भई मुलुकमा थप रोजगारी र राजस्व परिचालन भएको हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १३०. | प्रभावकारी नभएको | निजी क्षेत्रलाई बिकास निर्माण परियोजनामा संलग्न गराउन भायवलिटि ग्याप फण्ड (VGF) लगायतका आकर्षक इन्सेन्टिभ सहितका कार्यक्रम ल्याईनु पर्दछ । | न्युन राजश्व र वैदेशिक ऋणको सावाँ ब्याज भुक्तानीको बढ्दो चापले विकास निर्माणको लागि सरकारसंग सिमित श्रोत भई वैकल्पिक वित्तको खोजीमा रहेको विद्यमान अवस्थामा पुर्वाधार निर्माण परियोजनामा निजी क्षेत्रको संलग्नता बढाउन । | सरकारलाई विकास निर्माण कार्य सञ्चालन गर्न आवस्यक परिरहेको श्रोतको चाप कम भई मुलुक निर्माणमा निजी क्षेत्रको सहभागिता बढ्ने । |
| १३१. | प्रभावकारी नभएको | सडक, टनेल, वाईपास, रंगशाला, प्रदर्शनी स्थल लगायतका पुर्वाधार सम्वद्ध परियोजनाको निर्माण, सञ्चालनमा BOOT (Build, Own, Operate And Transfer) अवधारणाको कार्यान्वयन गरिनु पर्दछ । | सडक, टनेल, वाईपास, रंगशाला, प्रदर्शनी स्थल लगायतका पुर्वाधार सम्वद्ध परियोजनाको निर्माण, सञ्चालनमा BOOT ( Build, Own, Operate And Transfer) अवधारणाको कार्यान्वयन गरिनु पर्दछ । | सडक, टनेल, वाईपास, रंगशाला, प्रदर्शनी स्थल लगायतका पुर्वाधार सम्वद्ध परियोजनाको निर्माण, सञ्चालनमा BOOT (Build, Own, Operate And Transfer) अवधारणाको कार्यान्वयन गरिनु पर्दछ । |
| १३२. | Single Window को विस्तार | बैंकबाट जारी हुने एलसि, विविनि लगायतका कागजात म्यानुअल ल्याउनु पर्ने व्यवस्था छ । | बैंकबाट जारी हुने एलसि, विविनि फारम Single Window मार्फत जारी गरि भन्सार जाँचपास प्रक्रियालाई पूर्ण स्वचालित बनाईनु पर्ने । | म्यानुअल रुपमा जारी भई रहेको जाँचपास सम्वन्धि महत्वपुर्ण कागजात स्वचालित बनाई वस्तु जाँचपासको समय र लागत कम गर्न । |
| १३३. | कनेक्ट IPS को भूक्तानी | कनेक्ट IPS को २० लाख भन्दा बढी भुक्तानी भएको राजस्व भन्सार प्रणालीमा देखिन समय लाग्ने गरेको छ । | यो समस्याको समाधान भई भन्सार कार्यालयबाट समयमै वस्तु जाँचपास र राजस्व संकलनको कार्य हुनु पर्दछ । | कनेक्ट IPS को २० लाख भन्दा बढीको राजस्व भुक्तानी समस्याको समाधान भई जाँचपासमा सहजीकरण हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १३४. | प्रभावकारी नभएको | निजी क्षेत्रलाई "कोल्याट्रल बेस" ( घरजग्गा धितो) मा मात्र ऋण दिने प्रथा पुनरावलोकन गरी "प्रोजेक्ट बेस" (परियोजना आधारित) ऋण पनि उपलब्ध गराउनुपर्ने । | उद्यमशील योजना भएका तर प्रशस्त स्थिर सम्पत्ति नभएका युवा र नयाँ व्यवसायीलाई उद्योग स्थापनमा प्रोत्साहन गर्न । | कर्जाप्रवाहमा विविधता आई स्थिर सम्पत्ति नभएका युवा र नयाँ व्यवसायीलाइ समेत उद्यम गर्न प्रोत्साहित भएको हुने । |
| १३५. | व्यवहारिक नभएको | बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गर्दा नविकरण गर्दा विभिन्न विषयको नाममा चर्को बीमा शुल्क लिने गरिएकोले यसलाई कम गर्नु पर्ने । | चर्को बीमा शुल्कले कारोवार लागत अस्वाभाविक बढ्न गएको हाल प्रचलित विमा शूल्क पुनरावलोकन गर्नु पर्ने । | कारोवार लागत रकम घटी उत्पादन अभिवृद्धि हुनुको साथै प्रतिष्पर्धि हुने । |
| १३६. | स्पष्ट व्यवस्था नभएको | Google Pay, Paypal लगायतका अन्तरराष्टिय भुक्तानी माध्यमहरुलाई नेपालमा सहज संचालनको लागि व्यवस्था गर्ने । | अन्तर्राष्ट्रिय भुक्तानी सहज बनाउन आवश्यक भएकोले । | सानो परिमाणमा हुने निकाशी लगायतका अन्तर्राष्ट्रिय व्यक्तिगत कारोवार गर्न सहज हुने । |
| १३७. | हाल ३ प्रतिशत छ । | स्टार्टअप कर्जा व्याजदर २% मा उपलब्ध गराईने व्यवस्था गरिनु पर्ने । | बैंकहरुमा बढ्दो तरलता र अन्य क्षेत्रमा समेत एकल अंकको व्याज दरमा कर्जा प्रवाह भईरहेको विद्यमान अवस्थामा स्टार्टअप उद्यम व्यवशाय प्रवर्द्धनको लागि साविकमा पाईरहेको २% सुलभ व्याजदरको ऋण उपलब्ध गराउनको लागि । | स्टार्टअप व्यवशायको विस्तार भई स्वदेशमै रोजगारी सृजना र आय आर्जन सम्वन्धि क्रियाकलाप बढ्ने । |
| १३८. | कोटा प्रणाली कार्यान्वयनमा रहेको छ । | विदेशी मुद्राको संचितिमा दवाव भएको अवस्थामा निर्धारण भएको सुनको आयातको कोटा प्रणाली हाल विदेशी मुद्राको संचिती बृद्धि भएको कारण सुन आयात सम्वन्धि कोटा प्रणालीको अन्त्य गर्नु पर्ने वा यस नीतिमा पुनरावलोकन गरी आपूर्ति सहज बनाउनु पर्ने। | बजारमा सुनको आपूर्ति अपर्याप्त भएको कारणले सिर्जित असहज अवस्था र यसले सिर्जना गरेको अस्वस्थ र अनौपचारिक व्यापार निरुत्साहित गरी सुनजन्य कारोवारलाई व्यवस्थित र पारदर्शी बनाउन । | बजारमा सुनको आपूर्ति सहज भई गहना लगायतका सुनजन्य कारोवार व्यवस्थित र पारदर्शी भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| **औद्योगिक प्रवर्द्धन** | | | | |
| १३९. | नभएको | उत्पादनमूलक उद्योगलाई औद्योगिक व्यवसाय ऐन लगायत अन्य कानूनले दिएको कर छुट सम्वन्धि सुविधालाई आयकर ऐन लगायत सालबसाली आर्थिक ऐनले पनि प्रत्याभूत गरिनुपर्छ । | औद्योगिक व्यवसाय ऐन लगायत अन्य कानूनले दिएको कर छुट सहितका अन्य सुविधाको प्रत्याभुती सालबसाली आर्थिक ऐनले गरी लगानीकर्ताहरुमा राज्यप्रतिको विस्वस्नीयता बढाई सकारात्मक सन्देश प्रवाह गर्न । | उद्योगी, व्यवसायीहरुमा सकारात्मक सन्देश प्रवाह हुनुको साथै राज्यप्रतिको विस्वासमा अभिवृद्धि भई लगानीको वातावरण बन्ने । |
| १४० | प्रभावकारी नभएको | छिमेकी भारत र चिन जस्ता ठुला अर्थतन्त्र र विशाल बजारसंग नेपालको अर्थतन्त्र अनि उत्पादनलाई जोड्न Assembling र Contract Manufacturing को औद्योगिक अवधारणालाई प्रवर्द्धन र विस्तारको लागि आवस्यक पहल र प्रोत्साहन गरिनु पर्दछ । | छिमेकी भारत र चिन जस्ता ठुला अर्थतन्त्र र विशाल बजारसंग नेपालको अर्थतन्त्र र उत्पादनलाई जोडी कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउन । | कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढी थप रोजगारी सिर्जना र निकासी प्रवर्द्धन भएको हुने । |
| १४१. | नभएको | उद्योगको कच्चा पदार्थ विद्युत पनि भएको हुँदा उत्पादनमूलक/आयात प्रतिस्थापन/निर्यातजन्य उद्योगले खपत गर्ने विद्युत महशुलमा दश वर्षसम्मको समय सीमा निर्धारण गरी उपयुक्त छुट दिईनु पर्दछ । | स्वदेशी उद्योगको उत्पादन लागत कम गरी उत्पादित बस्तुलाई गुणस्तरीय र प्रतिष्पर्धि बनाई आन्तरिक खपत तथा निकाशी समेत समेत अभिवृद्धि गर्न । | औद्योगिक वातावरण बनी थप उद्योग, व्यवशायको विस्तार हुनुको साथै रोजगारी, आय र राजस्व समेत अभिवृद्धि भई मुलकको औद्योगिकरण हुने । |
| १४२. | भन्सार महसुल २५ प्रतिशत र अन्त: शुल्क ५० प्रतिशत छुट हुने व्यवस्था छ | सवारी साधान Assemble गर्ने उद्योगहरुले आयात गर्ने Unassemble अवस्थाका सवारी साधन आयात गर्दा लाग्ने भन्सार महसुल, अन्त:शुल्क, सडक सम्भार दस्तुरमा ७५ प्रतिशत छुट दिनुपर्ने । | नेपालमा सवारी साधन Assemble उद्योगहरु स्थापनाको क्रममा रहेको हुंदा त्यस्ता उद्योगहरुको दीगो विकास गरी अर्थतन्त्रमा योगदान बढाउन । | Assemble उद्योगहरु स्थापना र विस्तार भई रोजगारी सिर्जन हुनुको साथै आयात प्रतिस्थापन र राजश्व अभिवृद्धि भएको हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १४३. | नभएको | सवारी साधन Assemble गर्ने उद्योगहरुले सवारीका पार्टस्हरु Returnable steel pallets मा राखी ढुवानी गर्ने तर सो प्याकिङ्ग मेटेरियल पुनः प्रयोग गर्न मिल्ने भएकोले Re-export नीति बन्नु पर्ने । | सवारी साधन Assemble गर्ने उद्योगहरुले सवारीका पार्टस्हरु Returnable steel pallets मा राखी ढुवानी हुने भए पनि Re-export नीति नभएकोले उद्योगको लागत बढ्न गएको हुंदा अन्य देशको असल अभ्यासको अनुशरण उत्पादन लागत घटाउन । | उत्पादन लागत घट्न गई यस्ता प्रकृतिका उद्योगहरुको स्थापना र प्रवर्द्धन हुने । |
| १४४ | प्रभावकारी नभएको | वन स्टप सेन्टरको पूर्ण कार्यान्वयन गरी विदेशी र स्वदेशी दुवै लगानीकर्तालाई एकद्धार सेवा उपलब्ध गराईनु पर्दछ । | धेरै बर्षदेखि औद्योगिक व्यवशाय ऐनमा भएको एकद्धार प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको हुँदा यसको पूर्ण कार्यान्वयन गरी लगानी र व्यवशायमैत्री बातावरण निर्माण गर्न । | लगानीको उपयुक्त बातावरण बनी व्यवसायिक गतिविधि बढ्नुको साथै उत्पादन र रोजगारी समेत वृद्धि भई आर्थिक विकास हुने । |
| १४५ | कार्यान्वयन नभएको | औद्योगिक व्यवसाय ऐन, २०७६ र प्रचलित आर्थिक ऐनमा भएको अर्थ मन्त्रालयले समदर निर्धारण गरी ड्युटी ड्र व्याकको रकम फिर्ता दिने व्यवस्था अविलम्व कार्यान्वयन गरिनु पर्दछ । | औद्योगिक व्यवसाय ऐन, २०७६ मा बण्डेड वेयरहाउस वा नगद धरौटी (पासबुक) सुविधा नलिएका उद्योगहरुले निर्यात गरेको हकमा अर्थ मन्त्रालयले समदर निर्धारण गरी ड्युटी ड्र व्याकको रकम फिर्ता दिने व्यवस्थाको कार्यान्वयन गरि निकाशी प्रवर्द्धन गर्न । | निकासीजन्य वस्तुको उत्पादन लागत घट्न गई निकासी अभिबृद्धि हुनुका साथै निकासीजन्य उद्योगको स्थापना र विस्तारमा सकारात्मक प्रभाव पर्ने । |
| १४६. | नभएको | आयात प्रतिस्थापन गर्ने उद्योगलाई निर्यात अनुदानको तुलनामा ५० प्रतिशत अनुदान उपलब्ध गराईनु पर्दछ । | अर्थतन्त्रमा उत्पादनमुलक क्षेत्रको योगदानलाइ बढाई स्वदेशी उत्पादनको वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न । | अर्थतन्त्रमा उत्पादनमुलक क्षेत्रको योगदान वृद्धि भई रोजगारी वृद्धिको साथै आयात प्रतिष्थापन हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १४७ | प्रभावकारी नभएको | उत्पादनमुलक उद्योगहरूले प्रयोग गर्ने कच्चा पदार्थ आयातमा सम्वन्धित उद्योगको खपत/उत्पादन क्षमताको आधारमा तयारी वस्तुको महसुल दरको तुलनामा कम्तिमा २ तह कम गरी महसुल छुटमा आयात गर्ने व्यवस्था गरिनु पर्दछ। | उद्योगमा प्रयोग हुने कतिपय कच्चा पदार्थ आयातमा तयारी वस्तुसरह महसुल लगाईएकोले उत्पादनमुलक उद्योगहरू आयातित तयारी वस्तुसंग प्रतिष्पर्धा गर्न नसकी पूर्ण क्षमतामा संचालन नभएका वा बन्द भएका हुँदा उत्पादनमुलक उद्योगहरू संचालनमा हुने वातावरण बनाउन। | उत्पादनमुलक उद्योगहरू पूर्ण क्षमतामा संचालन भई थप रोजगारी सृजना तथा उत्पादन वृद्धि हुने। |
| १४८ | प्रभावकारी कार्यान्वयन नभएको | छिमेकी भारत र चिन जस्ता ठुला अर्थतन्त्र र विशाल बजारसंग नेपालको अर्थतन्त्र र उत्पादनलाई जोड्न Assembling र Contract Manufacturing को औद्योगिक अवधारणालाई प्रवर्द्धन र विस्तारको लागि आवस्यक पहल र प्रोत्साहन गरिनु पर्दछ। | छिमेकी भारत र चिन जस्ता ठुला अर्थतन्त्र र विशाल बजारसंग नेपालको अर्थतन्त्र र उत्पादनलाई जोडी कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउन। | कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढी थप रोजगारी सिर्जना र निकासी प्रवर्द्धन भएको हुने। |
| १४९ | विद्युत आयोजनाले आयात गर्ने निर्माण सामाग्रीहरु कर छुटमा आयात हुने व्यवस्था छ तर सोही प्रकृतिका बस्तु निर्माण गर्ने स्वदेशी उद्योगहरुले प्रयोग गर्ने कच्चा पदार्थ कर तिरेर आयात गर्नु पर्ने व्यवस्था छ | विद्युत आयोजना निर्माणको लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरु स्वदेशी उत्पादन भएमा स्वदेशीनै प्रयोग गर्ने प्रावधान हुनु पर्ने वा त्यस्ता उद्योगले विद्युत आयोजनामा विक्री गरेका निर्माण सामाग्री उत्पादन गर्न आयात गरेका कच्चा पदार्थमा लागेको कर फिर्ता हुने व्यवस्था गरिनु पर्ने। | विद्युत आयोजनाले आयात गर्ने टावर र सबस्टेशन स्ट्रक्चर तथा पेनस्टक पाईप लगायतका वस्तुहरु भन्सार, मूअक पूर्ण छुटमा आयात हुने व्यवस्था छ भने सोही प्रकृतिका सामान बनाउने स्वदेशी उद्योगहरुले त्यसता वस्तु बनाउन भन्सार, अन्तःशुल्क तथा मूअक तिरेर कच्चा पदार्थ आयात गर्ने व्यवस्था भएकोले स्वदेशी उद्योगको संरक्षण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न। | स्वदेशी उद्योगहरु पुर्ण क्षमतामा सञ्चालन भई थप रोजगारी र राजश्व वृद्धि हुनुको साथै आयात प्रतिष्थापन हुने। |
| १५०. | नभएको | भारतीय सिमादेखि चुरेफेदीसम्मका सडक किनारहरू र अन्य सम्भावित करिडोरमा उद्योग लक्षित विशेष कार्यक्रम ल्याइ **खुला विशेष आर्थिक क्षेत्रको** अवधारणा शुरु गरिनु पर्दछ। | औद्योगिक करिडोर विशेष कार्यक्रम अन्तर्गत औद्योगिक बातावरण निर्माण गरी लगानी प्रवर्द्धन गर्न र मुलुकलाई औद्योगिकरण गर्न। | पुर्वाधारयूक्त संभावित क्षेत्रमा उद्योग स्थापना भई रोजगारी सृजना र औद्योगिक उत्पादन वृद्धि हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १५१. | ट्रेडमार्क लिने कार्य झन्झटिलो | उद्योगलाई ट्रेर्ड मार्क प्रदान गर्ने कार्य सहज र सरल हुनु पर्ने । | उद्योगको कुनै ट्रेर्ड मार्क लिन २ वर्षसम्म लाग्ने गर्दछ । यसबाट उद्योगको लागत बढ्दै जाने र अन्य विविध कठिनाईहरु आउने भएकोले ट्रेड मार्क सम्वन्धि प्रक्रियाहरु सरलीकरण गर्नको लागि । | पेटेन्ट, डिजाईन, ट्रेर्ड मार्क जस्ता औद्योगिक सम्पत्तिको सुरक्षा हुन गई प्रतिष्पर्धि औद्योगिक वातावरणको निर्माण हुनुको साथै लगानी अभिवृद्धिमा सहयोग पुग्ने |
| १५२. | वैंक ग्यारन्टि अवधि कम्तिमा १ बर्ष हुनु पर्ने र सहायक कच्चा पदार्थ आयातमा उद्योग विभागको अनुमति लिन पर्ने व्यवस्था छ । | वण्डेडवेयरहाउसको स्विकृती प्राप्त उद्योगले आयात गर्ने कच्चा पदार्थको बैंक ग्यारन्टि अवधि ६ महिना देखि १ बर्ष सम्म हुनेु व्यवस्था र सहायक कच्चा पदार्थ आयातमा बैंक ग्यारन्टि सुविधा लिन उद्योग विभागको सिफारिस आवस्यक पर्ने व्यवस्था हटाईनु पर्ने । | निकासीजन्य उद्योगको कच्चा पदार्थ आयातमा सहजता गर्न र उद्योगको अनावस्यक बढी हुन गएको लागत कम गर्न । | निकासीजन्य उद्योगको लागत र प्रक्रिया सहज हुन गई निकासी अभिवृद्धि भएको हुने । |
| १५३. | व्यवस्था नभएको । | स्थानीय सरकार र उद्योग वाणिज्य संघहरूको सहकार्यमा स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गरी त्यहाँको उत्पादनलाई प्रवर्द्धन र बजारीकरण गरिनु पर्दछ । | स्थानीय तहमा स्थानीय सरकार र उद्योग वाणिज्य संघहरूको सहकार्यमा स्थानीय उत्पादनको प्रवर्द्धन र बजारिकरणमा सहयोग पुऱ्याउन । | स्थानीय तह सम्म औद्योगिकरणको वातावरण सिर्जना भई स्थानीय स्तरमा रोजगारीहरु सिर्जना हुने । |
| १५४ | नभएको | उद्योगहरूलाई प्राथमिकता प्राप्त क्षेत्र घोषणा गरी निरन्तर विद्युत आपूर्तिको व्यबस्था गरिनु पर्दछ । | उद्योगको कच्चा पदार्थ विद्युत पनि भएको हुँदा उद्योगलाई आवस्यक पर्ने बिजुली सुलभ र निरन्तर उपलब्ध गराउन । | उद्योगलाई आवस्यक पर्ने उर्जा सहज र निरन्तर आपूर्ति भई उत्पादन लागत घट्नुको साथै उत्पादन समेत अभिवृद्धि हुने । |
| १५५. | नभएको | एक सय भन्दा बढि रोजगारी दिने उत्पादनमूलक, पर्यटन, सेवा क्षेत्रका उद्योगलाई रोजगार च्याम्पियनको सम्मान सहित आयकरमा न्यूनतम २५ प्रतिशत छुट दिईनु पर्दछ । | नयाँ उद्योग स्थापना र विस्तार गर्न अनुकुल वातावरण निर्माणको रोजगारमूलक उद्योगहरुलाई प्रोत्साहित गर्न । | स्वदेशमै रोजगारी सृजना हुनुको साथै युवा जनशक्तिको बढ्दो विदेश पलायनलाई न्युनिकरणमा सहयोग पुग्ने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १५६. | पर्याप्त नभएको | सरकारले पर्याप्त औद्योगिक क्षेत्रको व्यवस्था र आवस्यक्तानुसार लिजमा पनि जग्गा उपलब्ध गराई लगानी गर्ने वातावरण बनाईनु पर्दछ । | वर्तमान अवस्थामा जग्गा खरिद गरी उद्योग स्थापना गर्न कठिनाई भइरहेको अवस्थामा मुलुकमा औद्योगिक वातावरण निर्माण गर्न आवस्यक भएकोले । | लगानीको लागि उपयुक्त वातावरण निर्माण भई औद्योगिकरणमा सहयोग पुगेको हुने । |
| १५७. | नभएको | एक जिल्ला एक औद्योगिक ग्राम वा व्यावसायिक गतिविधी हेरी केही पालिकाको केन्द्र पारेर घरेलु उद्योग सञ्चालन गर्न औद्योगिक ग्राम निर्माण र सञ्चालन गर्नुपर्छ । | पुर्वाधारयुक्त स्थानमा उद्योग स्थापना गर्नको लागि आवस्यक जग्गा उपलब्ध नहुने वा ज्यादै महंगो पर्ने भएकोले उत्पादन लागत घटाई औद्योगिकरणको वातावरण बनाउन एक जिल्ला एक औद्योगिक ग्राम वा व्यवसायिक गतिविधि हेरी सम्भाव्य ठाँउमा पायक पर्ने गरी औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त हुने भएकोले । | आत्मनिर्भर अर्थतन्त्रको निर्माणको लाग मुलुक औद्योगिकरणतर्फ अग्रसर भई थप रोजगारी सिर्जना र आर्थिक गतिविधि बढेको हुने । |
| १५८. | प्रभावकारी नभएको | वहुराष्ट्रिय कम्पनीका उत्पादन जस्तै देखिने Counterfeit वस्तुहरूको अनाधिकृत आयात तथा उत्पादन र विक्री वितरण नियन्त्रण गर्ने व्यवस्था मिलाई आधिकारिक कम्पनीको ट्रेडमार्क दर्ता र त्यसको सुरक्षणको प्रभावकारी कानुनी व्यवस्था गरिनु पर्दछ । | वहुराष्ट्रिय कम्पनीका उत्पादनजस्तै देखिने Counterfeit वस्तुहरूको अनाधिकृत आयात, उत्पादन र विक्री वितरणले स्वदेशी उत्पादन नराम्ररी प्रभावित भएकोले सो को नियन्त्रण गरी स्वदेशी उत्पादनहरुको संरक्षण र वृद्धि गर्न । | स्वदेशी उत्पादनहरुको वृद्धि भइ स्वदेशी उद्योगहरुको संरक्षण र सम्वर्द्धन हुनुको साथै रोजगारी र राजस्व पनि बढ्ने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १५९. | नभएको | स्पञ्ज आईरन र सोवाट बनेको आईरन विलेटमा समान आयात महसुल भएको हुँदा मेल्टिङ फर्नेस डण्डि उद्योगलाई आयातित विलेट प्रयोग गर्ने उद्योगसंग प्रतिष्पर्धा गर्न कठिन भएको हुँदा स्पञ्ज आईरन र सम्वन्धित कच्चा पदार्थ (विलेट बनाउने कच्चा पदार्थ) मा महसुल कम हुनु पर्ने । | आ.ब. ०७८/०७९ को बजेटले मेल्टिङ फर्नेस उद्योगहरुले प्रयोग गर्ने कच्चा पदार्थमा भन्सार छुट दिएको कारणले बढी विद्युत खपत हुने, मूल्य बृद्धि र रोजगारी पनि बढी अभिवृद्धि हुने हुँदा मेल्टिङ फर्नेस लगाउन उद्योगहरुले थप लगानी गरेको भए तापनि पछिल्लो नीतिगत व्यवस्थाले कच्चा पदार्थ र अर्थ तयारी वस्तु विलेटमा समान महसुल लगाई उद्योगको लगानी जोखिममा पर्न गएको हुँदा नीतिगत स्थिरता कायम गरी पूर्ण क्षमतामा उद्योग सञ्चालनको वातावरण तयार गर्न । | विद्युत बढी खपत हुनुको साथै थप रोगजारी, राजस्व, मूल्य अभिवृद्धि भई उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन भएको हुने । |
| **सानालाई सहुलियत कार्यक्रम** | | | | |
| १६०. | नभएको | साना मझौला उद्यमी व्यवसायीलाई सरकार कर्जा सुरक्षण निगम, र विकास साझेदारहरु समेतले जोखिम बेहोर्ने गरि एक करोड रुपैंयासम्मको कर्जा, परियोजना धितोमा उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ । | साना मझौला उद्यमको स्थापना र विस्तार दिगो अर्थतन्त्र निर्माणको आधार भएको हुँदा साना मझौला उद्योगलाई प्रोत्साहन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउन । | साना मझौला उद्यमको स्थापना र विस्तार भई दिगो अर्थतन्त्रको विकास हुनुको साथै लगानीको लागि साधन श्रोतको सहज प्राप्ति हुने । |
| १६१. | नभएको | लघु घरेलु, साना र महिला तथा नव प्रवेशी युवा उद्यमीलाई पुर्नकर्जा सुविधा उपलब्ध गराई कर्जाको दुरुपयोग रोक्न प्रभावकारी अनुगमन गरिनु पर्दछ । | आर्थिक मन्दि, खराब कर्जाबाट पिडित लघु घरेलु, साना र महिला उद्यमीलाई प्रोत्साहन गरी व्यवशायमा टिकीरहनको लागि । | लघु घरेलु, साना र महिला तथा नव प्रवेशी युवा उद्यमीहरु लाभान्वित हुने । |
| १६२. | नभएको | स्थानीय तहमा उत्पादित कृषि एवं गैरकृषिजन्य उत्पादनको भण्डारण, बजार व्यबस्थापन, ढुवानी लगायतका कार्य गर्न स्थानीय सरकार र उद्योग वाणिज्य संघहरूको सहकार्यमा कम्पनी स्थापना गरिनु पर्दछ । | मुलुकमा आन्तरिक उत्पादन अभिवृद्धि भई आयात प्रतिष्थापन गर्नको साथै स्वरोजगारी वृद्धि गर्न । | स्थानीय तहमा उत्पादित कृषि एवं गैरकृषिजन्य उत्पादनको भण्डारण, बजार व्यबस्थापन, ढुवानी लगायतका लजिष्टिक सुविधा सहज भई स्थानीय उद्यमशिलतामा बृद्धि हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १६३. | नभएको | साना उद्यमीका उत्पादन अनलाइन मार्फत बजार खोज्न सहयोग पुग्ने गरि साना उद्यमी पोर्टल संचालन गरि त्यस्ता उत्पादन बिक्रिका लागि ई-कमर्श प्लाटफर्मलाई प्रोत्साहित गरिनु पर्दछ। | स्थानीयस्तरमा छरिएर रहेका घरेलु तथा साना उद्योगीका उत्पादन विक्रीको लागि उपयुक्त बजार खोज्न सहयोग गरी उद्यमीलाई प्रोत्साहित गर्न। | साना उद्यमीका उत्पादनले सहज बजार पहुँच पाई उत्पादनको साथै उद्यमशिलता समेत अभिवृद्धि हुने। |
| **वन तथा वातावरण र खनिजजन्य वस्तुको उपयोग** | | | | |
| १६४. | नभएको | EIA र IEE अध्ययन प्रतिवेदन लगानी रकमको आधारमा नभई वातावरणमा पर्ने प्रभावको आधारमा गरिने व्यवस्था हुनु पर्छ। | लगानी रकमको आधारमा अनिवार्य रुपमा EIA र IEE गर्नु पर्ने विद्यमान व्यवस्था लगानी निरुत्साहित गर्ने मूख्य कारण भएको हुँदा यो प्रावधान प्रतक्ष्य रुपमा वातावरणसंग सम्वन्धित भएकोले यसलाई संशोधन गरी लगानी प्रवर्द्धन गर्न। | EIA र IEE को प्रक्रिया वातावरण संरक्षणसंग मात्र सम्वन्धित भई मुलुकमा लगानी बढ्ने। |
| १६५. | नभएको | EIA को अध्ययन र स्वीकृति ६ महिना भित्र हुने र IEE गर्न पर्ने आयोजनाको दायरा बढाई ३ महिना भित्र स्वीकृति गर्ने गरी सम्वन्धित कानुनमा संशोधन गरिनु पर्दछ। | EIA र IEE को प्रक्रिया अत्यन्त झन्झटिलो भएको हुँदा यसको कारणबाट लगानी प्रवर्द्धनमा हुन गएको ढिलासुस्ति हटाई लगानीजन्य बातावरण निर्माण गर्न। | EIA र IEE को प्रक्रिया सहज भई मुलुकमा लगानी बढ्नुको साथै आर्थिक क्रियाकलापमा वृद्धि हुने। |
| १६६. | स्पष्ट र पारदर्शि प्रक्रिया नभएको। | स्वदेशी काठको संकलन, ओसारपसार र उपयोगलाई सहज बनाउन प्रचलित बन सम्बन्धी ऐन कानून र प्रक्रियाहरू सरलिकरण गरीनु पर्दछ। | स्वदेशी काठले नै आन्तरिक माग परिपूर्ति गरी निकासी समेत गर्न सक्ने अवस्था भएकाले वर्षेनी अरबौंको काठ र काठजन्य उत्पादन आयात गर्ने अवस्थाको अन्त्य गरी स्वदेशी काठको उपयोग बढाई र निकाशी समेत गर्न। | काठको आन्तरिक माग स्वदेशी उत्पादनले परिपूर्ति गरी आयात प्रतिष्थापन हुने र काठ तथा काठजन्य उत्पादन सम्वन्धि उद्योगधन्दाको विस्तार भई रोजगारी सृजना हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १६७. | स्पष्ट र कार्यान्वयनयोग्य नभएको | स्वदेशी काठमा राजस्व बढी भई एकातर्फ काठजन्य निर्माण सामाग्रीले अन्य फलाम, प्लाष्टिकका सामग्रीसंग प्रतिष्पर्धा गर्न नसकी उपभोग घट्दै गएको छ भने अर्कोतर्फ बढ्दो विदेशी काठको आयात निरुत्साहित गर्न स्वदेशी काठको उपभोग बढाउनु पर्ने । | नेपालको कुल क्षेत्रफलमध्ये झण्डै ४६ प्रतिशत क्षेत्र बनले ओगटीसकेको हुंदा यसको व्यवशायिक उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउन । | नेपालको बढ्दो बनक्षेत्रको व्यवशायिक उपयोग गरी रोजगारी र थप राजस्व परिचालन हुने । |
| १६८. | स्पष्ट र प्रभावकारी व्यवस्था नभएको । | गिटि रोडा ढुंगा उत्खनन, बिक्रि वितरण र निर्यात सम्बन्धमा आवश्यक नियम, कानुन र कार्यविधि बनाई आन्तरिक खपत (अन्दाजी वार्षिक २ करोड घनमिटर) भन्दा बढी परिमाणलाई निर्यात गर्न पाउने व्यवस्था गरिनु पर्दछ । | गिटि रोडा ढुंगा उत्खनन, बिक्रि वितरण र निर्यात सम्बन्धमा आवश्यक नियम, कानुन र कार्यविधिको अभावमा बर्षेनी ठूलो परिमाणको गिटि रोडा, ढुंगा र वालुवा सदुपयोग नभई बगेर जाने भएकोले सो को उपयोग गरी विदेशी मुद्रा आर्जन गर्न र नदी क्षेत्र उकासले हुने बाढी पहिरोको समेत जोखिम गर्न । | बगेर जाने गिटि रोडा, ढुंगा र वालुवा सदुपयोग भई विदेशी मुद्रा आर्जन हुनुको साथै यस सम्वन्धि उद्योग धन्दाहरु वैधानिक रुपमा सञ्चालन भई राजस्व समेत वृद्धि हुने । |
| १६९. | नभएको | मापदण्ड पुरा नगरेका क्शर उद्योगहरूलाई मापदण्ड पुरा गर्ने निश्चित समय सिमा दिई नकिरण गरेर वैधानिक ढंगबाट उद्योग संचालन गर्ने वा संचालन हुन नसक्नेलाई कर छुटको स्किम सहित बन्द गर्न पाउने व्यबस्था गरिनु पर्दछ । | मापदण्डको पुरा नगरेको कारणबाट बन्द वा संचालन नभएका उद्योगलाई सहज सञ्चालन वा बन्द गर्न पाउने व्यबस्था गर्न । | वैधानिक ढंगबाट उद्योग संचालन गर्ने वा संचालन हुन नसक्नेलाइ सहज बन्द गर्न पाउने व्यबस्था भएको हुने । |
| **स्टार्टअप नेपाल कार्यक्रम** | | | | |
| १७०. | आंशिक सुविधा भएको | स्टार्टअप उद्योगलाई ५ वर्षसम्म दिएको कर छुट सुविधालाई विस्तार गरी १० बर्षसम्म पूर्ण छुट र थप अर्को ५ वर्षसम्म ५० प्रतिशत कर छुट दिईने व्यबस्थालाई आयकर ऐनमा समावेस गरिनु पर्दछ । | हालै आएको स्टार्टअप नीति २०८१ ले स्टार्टअप उद्योगलाई ५ वर्षसम्म दिएको कर छुट सुविधालाई १० बर्षसम्म छुट दिने नीति ल्याएको हुँदा नीतिमा उल्लेख भएका कुराहरु कार्यान्वयनको लागि सम्वन्धित कानुनमा व्यवस्था गर्नु पर्ने भएकोले । | स्टार्टअप नीति २०८१ को कार्यान्वयन भई यस सम्वन्धि लगानीमा प्रोत्साहन हुनुको साथै नयाँ उद्यमशिलता अभिवृद्धि हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १७१. | राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१, मा स्टार्टअप उद्यमको दर्ता, नवीकरण एवम् औधोगिक सम्पत्तिको दर्तामा लाग्ने शुल्क तथा दस्तुरमा छुट दिइनेछ भन्ने व्यवस्था छ। | राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१, को प्रस्तुत व्यवस्थाको कार्यान्वयनको लागि सम्बन्धित कानुनमा व्यवस्था गर्नु पर्ने। | नेपाल सरकारबाट स्विकृत नीति भएको हुँदा सो को कार्यान्वयनको लागि सम्बन्धित कानुनहरुमा यसको व्यवस्था नगरेसम्म सो नीतिको कार्यान्वयन नहुने भएकोले सो को कार्यान्वयनको लागि। | स्टार्टअप सम्वन्धि उद्यम व्यवशायको प्रवर्द्धन भई उद्यमशिलताको विकास हुने र रोजगारी समेत वृद्धि हुने। |
| १७२. | नभएको | निजी क्षेत्रसंगको सहकार्यमा सबै प्रदेशमा Startup Growth Centre स्थापना गरिनु पर्दछ। | स्टार्टअप व्यवशायको संरक्षण र प्रवर्द्धन गरी यस क्षेत्रको विकार र विस्तार गर्न। | स्टार्टअप व्यवशायको संरक्षण र प्रवर्द्धन भई थप रोजगारी सृजना हुने। |
| १७३. | नभएको | आगामी आर्थिक बर्ष कम्तिमा एक सय स्टार्टअपमा निजी क्षेत्रको लगानी आकर्षित गर्न **"सय स्टार्टअप, सय लगानीकर्ता"** कार्यक्रम नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा संचालन गरिनु पर्दछ। | आगामी आर्थिक बर्ष भित्रमा कम्तिमा एक सय स्टार्टअपमा निजी क्षेत्रको लगानी आकर्षित गर्न **"सय स्टार्टअप, सय लगानीकर्ता"** कार्यक्रम कार्यान्वयन गरी आवस्यक श्रोत जुटाउन लगानीकर्ता र स्टार्टअप उद्यमीको साझा प्लेटफर्म निर्माणमा सहयोग पुग्ने भएकोले। | स्टार्टअप व्यवशायको स्थापना र प्रवर्द्धन गर्न सहयोग पुग्ने। |
| १७४ | स्टार्टअप नीतिमा चुक्ता पूँजी १५ करोड ननाघेकोलाई स्टार्टअप परिभाषामा राखिएको छ। | स्टार्टअपको परिभाषालाई संशोधन गरी चुक्ता पूँजि १५ करोड ननाघेको भन्ने सिमालाई बढाएर ५० करोड बनाईनु पर्दछ। | हालको सीमा अत्यन्त कम भएको हुँदा सो विस्तार गरी नवप्रवर्तनका क्षेत्रमा आउने अन्य कम्पनीलाई पनि स्टार्टअप परिभाषा भित्र समेटी स्टार्टअप उद्यममको प्रवर्द्धन गर्न। | स्टार्टअप उद्यममको प्रवर्द्धन भई सिपयुक्त रोजगारी वृद्धि भई स्टार्टअप उद्यममको विकास भएको हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १७५. | स्टार्टअप कोष ७३ करोड विनियोजन गरिएको छ । | स्टार्टअप कोषको रकम वृद्धि हुनु पर्ने । | त विगतको **१०० करोड**को स्टार्टअप कोष क्रमश बढाउदै जानु पर्नेमा चालु आबमा घटाउँदै गएको हुँदा बढ्दो स्टार्टअप कार्यक्षेत्र समेट्न नसकेको हुँदा सो वृद्धि गर्न । | |
| १७६. | स्टार्टअप ऋणमा ब्याजदर ३ प्रतिशत छ | स्टार्टअप ऋणमा ब्याजदर २ प्रतिशत हुनु गरिनु पर्दछ । | स्टार्टअप ऋण प्रवाह २ प्रतिशत ब्याज दरमा प्रवाह भएकोमा चालु आबमा ३ प्रतिशत कायम गरिएको हुँदा वैंकको साधारण ब्याजदर समेत घटी रहेको विद्यमान परिप्रेक्षमा ब्याजर घटाउनु उपयुक्त हुने । | स्टार्टअप व्यवसाय प्रति आकर्षण बढी नयाँ नयाँ उद्यमको स्थापना र विस्तार भएको हुने । |
| **प्रविधिबाट समृद्धि कार्यक्रम** | | | | |
| १७७. | नभएको | नेपालको भौगोलिक र वातावरणीय अवस्था अनुकुल भएको हुँदा डाटा सेन्टर, एआई कम्प्युटिङ, क्रिप्टो माईनिङ लगायतका डिजिटल सेवा सम्वन्धि उद्योग स्थापना गरिनु पर्दछ । | यसता उद्योगहरु चिसो मौसम र पर्याप्त उर्जा उपलब्ध हुने स्थानमा स्थापना गर्न सहज हुने भएको हुँदा त्यसता पुर्वाधारहरु नेपालमा उपलब्ध हुने भएकोले । | सूचना प्रविधिसम्वद्ध नयाँ संभावना भएका सेवा क्षेत्रका उद्योग व्यवसाय स्थापना भई नयाँ रोजगारी सिर्जना हुनको साथै यस क्षेत्रको विकास भएको हुने । |
| १७८. | नभएको | सूचना प्रविधिसंग सम्बन्धित निर्यातमूखी फर्म कम्पनीहरूलाई पाँच बर्षसम्म एक प्रतिशतमात्रै आयकर लाग्ने व्यवस्था गरिनु पर्दछ । | सूचना प्रविधि अर्थव्यवस्थाको उदियमान क्षेत्र भएकोले यस क्षेत्रको विकास गरी निर्यात प्रवर्द्धन र थप रोजगारी सृजना गर्न । | सूचना प्रविधिको क्षेत्रमा लगानी विस्तार भई थप रोजगारी सृजना र निर्यात प्रवर्द्धन हुने । |
| १७९. | नभएको | सार्वजनिक एवं निजी संस्थामा नेपालमा उत्पादित सफ्टवेयरहरुको अनिवार्य प्रयोग गर्ने व्यवस्था गरिनु पर्ने । | सूचना प्रविधि सम्वन्धि स्वदेशी उद्योगलाई संरक्षण र प्रबर्द्धन गरी सफ्टवेयरको आयात प्रतिष्थापन गर्न । | स्वदेशी उद्योगलाई संरक्षण र प्रबर्द्धन भई यस क्षेत्रमा थप रोजगारी सृजना हुने । |
| १८० | नभएको | प्रविधिको प्रयोग गरी उद्यमशीलता बढाउने पालिकाहरूलाई पुरष्कृत गर्ने । | स्थानीयस्तरमा सूचना प्रविधि सम्वन्धि उद्यमशीलता बढाउन । | स्थानीय पालिकाहरुमा सूचना प्रविधि सम्वन्धि पुर्वाधार र जनशक्तिको विकास हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १८१. | नभएको | नेपालमा अन्तर्राष्ट्रिय डिजिटल सेवाहरू (OTT तथा अन्य सब्स्क्रिप्सन) का लागि नेपाली रुपैयाँमार्फत Pay–in/Pay–out भुक्तानी प्रणाली सञ्चालन गर्न स्पष्ट र एकीकृत कानुनी तथा नियामक ढाँचाको स्थापना हुनु पर्ने । | यस्ता सेवा प्रदायकको लाइसेन्सिङ, ई-वॉलेटमार्फत क्रस-बोर्डर भुक्तानी अनुमति, विदेशी मुद्रा व्यवस्थापन, तथा डिजिटल सेवामाथि कर संकलनका प्रावधानहरू स्पष्ट गरी अन्तर्राष्ट्रिय अभ्यासअनुसार, यस्ता प्रणालीलाई वैधानिक मान्यता दिन । | नयाँ व्यवसाय प्रवर्द्धन भई कराधार विस्तार भएको हुने । |
| १८२. | नभएको | पहाडि क्षेत्रमा स्थापना हुने सूचना प्रविधि सम्वद्ध उद्योगलाई जग्गा, बिजुली र बाटोको सुविधा उपलब्ध गराई । | पहाडि क्षेत्रलाई सूचना प्रविधि हबको रुपमा विकास गरी यस सम्वन्धि उद्यमशिलता अभिवृद्धि गर्न । | अविकसित तथा पिछडिएका क्षेत्रमा उद्योग स्थापना गर्न प्रोत्साहित हुनुको साथै यस क्षेत्रको विकासमा सहयोग पुग्ने । |
| १८३. | पर्याप्त र स्पष्ट व्यवस्था नभएको । | आधुनिक र सिपयूक्त IT क्षेत्रलाई 'रणनीतिक उद्योग' घोषणा गरी यस क्षेत्रको विकासको लागि विकेन्द्रित रुपमा सातै प्रदेशका उपयुक्त ठाँउमा उपयुक्त डजिटल हबको स्थापना गरिनु पर्दछ । | निकासीको पर्याप्त संभावना भएको सुचना प्रविधि क्षेत्रको विकास गरी पर्याप्त रोजगारी सिर्जना गर्न र निकासी अभिवृद्धि गर्न । | सुचना प्रविध सम्वद्ध सेवा क्षेत्रको विकास भई स्वदेशमै उच्चस्तरीय रोजागारी सिर्जना भई बैदेशिक मुद्रा प्राप्त भएको हुने । |
| १८४ | नभएको | सबै प्रदेशमा कम्तीमा एक अन्तर्राष्ट्रियस्तरको सूचना प्रविधि सम्वद्ध शिक्षालय सहितको डिजिटल पार्क स्थापना गर्न विदेशी उच्च शिक्षा प्रदायक संस्थासंग समन्वय गरिनु पर्दछ । | सबै प्रदेशमा गुणस्तरीय सूचना प्रविधि सम्वद्ध अन्तर्राष्ट्रियस्तरको शिक्षा उपलब्ध गराउन । | सबै क्षेत्रमा गुणस्तरीय सूचना प्रविधि सम्वन्धि शिक्षाको समाानुपातिक विकास हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| **पर्यटन** | | | | |
| १८५ | एकिकृत रुपमा उपलब्ध नभएको । | भारतीय सिमा क्षेत्र नजिक रहेका चिसो स्थानमा हिलस्टेसन विकासको लागि होटल रिसोर्ट, फन पार्क, धार्मिक पर्यटकीय गतिविधि विस्तारका लागि लगानीकर्तालाई आवस्यक पहुँच मार्ग र बिजुली, लगायत अन्य पुर्वाधारको सुविधा उपलब्ध गराई वित्तिय र गैर वित्तिय प्रोत्साहन उपलब्ध गराउनु पर्दछ । | एक घण्टाको हवाई दुरीमा छिमेकी देश भारतमा घना आवादि भएका ठुला शहरहरु भएको हुँदा नेपालका हिलस्टेसनमा होटल रिसोर्ट, फन पार्क, धार्मिक पर्यटकीय गतिविधि विस्तारको लागि प्रचुर संभावना भएको हुँदा विदेशी लगानी आकर्षित गर्न र समग्र पर्यटन क्षेत्रको विकास गर्न । | तुलनात्मक रुपमा मुलुकको समानुपातिक विकास गर्न र क्षेत्रीय असन्तुलन कम गर्न सहयोग पुग्ने । |
| १८६. | प्रभावकारी नभएको | नेपाललाई विवाह, सभा सम्मेलन पर्यटन गन्तव्यको रुपमा विकास गर्न सहभागीलाई भिसा फि छुट र भारतीयहरुलाई विवाह आयोजना गर्न आउँदा साथमा ल्याउने सुनका गरगहनालाई घोषणा मात्र गर्दा हुने सहज भन्सार प्रकृयाको सुविधा उपलब्ध गराईनु पर्दछ । | नेपालको भौगोलिक र वातावरणीय सवल पक्षलाई दोहन गरी पर्यटकीय क्षेत्रको विकास गर्न र थप रोजगारी तथा आय आर्जन बढाउन । | विवाह, सभा सम्मेलन सम्वन्धि पर्यटकीय गतिविधि बढ्न गई पर्यटन क्षेत्रको विकास हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १८७ | स्पष्ट नभएको | नेपालमा छायाङ्कन गर्न आउने विदेशी चलचित्र निर्माताहरूको नेपाल प्रवेश अनुमति र साथमा ल्याउने उपकरणहरुको प्रकृया सरल बनाई थप आकर्षक छायाङ्कन स्थलहरु खुला गरिनु पर्दछ। | स्वदेशी तथा विदेशी चलचित्र निर्माण गर्न नेपालमा प्रोत्साहन गरी चलचित्र उद्योगहरुको प्रवर्द्धनको साथै पर्यटकीय गतिविध अभिवृद्धि गर्न। | स्वदेशी तथा विदेशी चलचित्र निर्माणमा प्रोत्साहन हुनुको साथै राजस्व संकलन र रोजगारी सृजनामा अनुकुल प्रभाव पर्ने। |
| १८८ | प्रभावकारी नभएको | ट्रेकिङ्ग केन्द्रित विद्यमान पर्यटनलाई विविधिकरण गरी पर्यायवरण, खेलकुद, सभा सम्मेलन, समुदाय, संस्कृतिसंग जोड्दै पर्यटन प्रवर्द्धनलाई व्यापक फराकिलो बनाईनु पर्ने। | नेपालको भौगोलिक अवस्था, बातावरणीय रोमाञ्चकता, यहाँको विविधतापुर्ण पर्यटकीय संभावनाको दोहन गरी यस क्षेत्रको सर्वागिण विकास गर्न। | ट्रेकिङ्ग केन्द्रित विद्यमान पर्यटन व्यवसायमा विविधिकरण भई पर्यायवरण, खेलकुद, सभा सम्मेलन, समुदाय, संस्कृतिसंग सम्वन्धित पर्यटकीय गतिविधि अभिवृद्धि हुनको साथै थप रोजगारी सिर्जना हुने। |
| १८९ | नभएको | विशेष गरी हिमाली र पहाडी क्षेत्रमा खेलको प्रकृति हेरी अन्तरराष्ट्रिय स्तरका खेलकूद प्रतियोगिताहरू आयोजना गर्न सार्वजनिक निजी साझेदारीमा खेलस्थल निर्माण गरिनु पर्दछ। | नेपालको भौगोलिक र वातावरणीय अनुकुलताको उच्चतम उपयोग गरी खेलकुद पर्यटनको विकास गर्न। | खेलकुद पर्यटनको माध्यमबाट मुलकको अन्तराष्ट्रिय पहिचानको साथै पर्यटकीय गतिविधि बढ्ने। |
| १९०. | नभएको | निजि क्षेत्रको सहभागिता सहितको अधिकार र श्रोत साधन सम्पन्न पर्यटन प्राधिकरणको गठन गरिनु पर्ने। | Public, Private Partnership (PPP) Model मा गई नयाँ पर्यटकीय गन्तव्य हवको विकास र विस्तार गरी पर्यटन क्षेत्रको विकास गर्न। | पर्यटकीय गतिविधि अभिवृद्धि भई थप रोजगारी सिर्जना र सेवा क्षेत्रको समष्टिगत विकास भएको हुने। |
| १९१. | नरहेको | भैरहवा,नेपालगञ्ज लगायतका शहरहरुलाई क्यासिनो सिटिको रुपमा स्थापित गरी भारतीय पर्यटकहरु भित्राउनका लागि क्यासिनो सञ्चालन गर्ने होटलहरुलाई विशेष छुट तथा सुविधाहरु उपलब्ध गराईनु पर्दछ। | सिमा नजिक भारतीय ठुला र घना आवादी रहेका शहरहरु रहेको तथा नेपालतर्फ तारे होटलहरु सहितका पूर्वाधारहरु उपलब्ध भएको हुनाले यस क्षेत्रलाई क्यासिनो हबको रुपमा घोषणा गरी आवश्यक कर छुट सहितका अन्य प्रोत्साहन प्याकेजको व्यवस्था गर्न। | गुणस्तरीय पर्यटक आगमनमा अभिवृद्धि भई थप रोजगारी र राजश्व परिचालमा समेत अभिबृद्धि भएको हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| **कृषि इकोसिष्टममा सुधार** | | | | |
| १९२. | स्पष्ट र प्रभावकारी व्यवस्था नभएको | कृषि क्षेत्रको विकासको लागि हाल अपनाईएका सबै नीतिगत, कार्यगत , संरचनागत प्रकृयाहरुको समग्र पुनसंरचना गरि सुधारका कार्यक्रमहरु कार्यान्वयन गरिनु पर्दछ। | नेपाल सरकारले २०८१/९१ लाई कृषि दशक घोषणा गरिएको सन्दर्भमा सो को कार्यान्वयनको लागि कुनै नीति कार्यक्रम नआएको हुँदा कृषि क्षेत्रको समष्टिगत पुनर्संरचना गरि कृषि सुधार कार्यक्रम कार्यान्वयन गर्न। | कृषि दशक घोषणा कागजमा मात्र सिमित नरही यसले समग्र कृषि क्षेत्रको विकासको लागि महत्वपुर्ण भुमिका निभाई लक्ष्यानुसार उपलब्धी हासिल भएको हुने। |
| १९३. | नभएको | प्रांगारिक पहाड कार्यक्रम घोषणा गरी अर्गानिक नगदे बाली उत्पादन प्रवर्द्धन गर्ने विशेष कार्यक्रम ल्याईनु पर्ने। | यातायात लगायत अन्य अत्यावस्यक पुर्वाधार बन्दै गएको पहाडी क्षेत्र वस्तीविहिन हुँदै गएको सन्दर्भमा विद्यमान बसाई सराई रोकी बाँझिदै गएको खाली पहाडी क्षेत्रको उपयोग गर्न। | सडक, सिंचाई लगायतका कृषि पुर्वाधार बन्दै गएको अवस्थामा वस्तीविहिन पहाडी क्षेत्र गुल्जार भई नगदे कृषि बालीको उत्पादन अभिवृद्धि र अनियन्त्रित बसाई सराई रोकीएको हुने। |
| १९४ | नभएको | **खेत देखि खाडिसम्म** कार्यक्रम सञ्चालन गरी नेपाली कृषि उत्पादन र पिउने पानी खाडी मुलुकहरुमा सहज निकाशीको व्यवस्था गरिनु पर्दछ। | बजारको पर्याप्त संभावना भएका मध्य पूर्वका अधिकांश देशमा नेपालको कृषि उत्पादनको प्रचुर निकाशी संभावना भएको हुँदा कृषिजन्य उत्पादन वृद्धि गरी निकाशी प्रबर्द्धन गर्न र निर्वाहमूखि कृषि प्रणालीलाई व्यवशायीकरण गर्न। | प्रचुर निकाशी संभावना भएको नेपालको कृषि उत्पादनले सहज बजार पहुँच पाई कृषिजन्य उत्पादन वृद्धि हुनुको साथै निकाशी प्रबर्द्धनमा समेत सहयोग पुग्ने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १९५. | पुर्ण नभएको | किसान परिचयपत्र जारि गर्ने प्रक्रियालाई चाँडो सम्पन्न गरी किसानलाई उपलब्ध गराउने मल, विउ, तालीम, ढुवानी अनुदान, सहुलियतपूर्ण कर्जा, कृषि बीमा लगायतका सुविधाहरूलाई सो परिचयपत्रसंग आवद्ध गरिनु पर्दछ। | कृषि क्षेत्रको विकासको लागि किसानको पहिचान र उनीहरुलाई राज्यले प्रदान गर्ने सेवा सुविधा दुरुपयोग हुन नदिई वास्तविक किसानले पाउने व्यवस्था गर्न। | जनसंख्याको ठुलो हिस्सा कृषिमा आवद्ध रहेको हुँदा लक्षित कृषक वर्ग लाभान्वित भएको हुने। |
| १९६. | कृषियोग्य जमिनको पर्याप्त उपयोग गर्न नसकिएको। | बाँझो जमिनको उपयोग, जग्गा चक्लाबन्दी र एकिकरण प्रवर्द्धन गर्न प्रभावकारी नीतिगत व्यवस्था गरिनु पर्ने। | अनियन्त्रित र शहरकेन्द्रित बसाई सराई र बैदेशिक रोजगारीको कारणले बढ्दै गएको जमिन बाँझो राख्ने प्रवृति जमिन खण्डिकरणको समस्या समाधान गर्न। | बाँझो जमिन र जग्गाको खण्डिकरण रोकीई कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि हुने। |
| १९७. | कृषि क्षेत्रमा आधुनिकीकरण नभएको | कृषि उत्पादकत्व बढाउन प्रविधिको उच्चतम प्रयोग गर्न फिनटेक र एग्रिटेक जस्ता क्रियाकलापलाई विस्तार गरिनु पर्ने। | वैज्ञानिक सिप र विकसित प्रविधिको उच्चतम उपयोग गरी निर्वाहमुखी कृषि प्रणालीबाट आधुनिक व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न। | विद्यमान निर्वाहमुखी कृषि प्रणालीबाट व्यवशायिक खेती प्रणालीमा रुपान्तरित भई यस क्षेत्रमा थप रोजगारी सिर्जना हुनको साथै आत्मनिर्भर अर्थतन्त्रको विकास हुने। |
| १९८ | द्विपक्षीय तथा बहुपक्षीय सन्धि संझौताहरुको समायानुकुल पुनरावलोकन नभएको | हाल विद्यमान कृषिजन्य उत्पादनको व्यापारसंग सम्वन्धित द्विपक्षीय तथा बहुपक्षीय सन्धि संझौताहरुको पुनरावलोकन गरिनु पर्दछ। | नेपालले गरेका कतिपय द्विपक्षीय र वहुपक्षीय सन्धि संझौताहरु खासगरी भारतसंग भएका सम्झौता बमोजिम आधारभुत कृषि उत्पादनहरुमा कर छुट हुने भएकोले अन्य देशका अनुदानप्राप्त कृषि उत्पादनसंग नेपालको उत्पादनले प्रतिष्पर्धा गर्न नसकी विस्थापनको अवस्थामा पुगेको हुनाले सो को प्रवर्द्धन गर्न। | नेपालले अन्य देशसंग गरेका सन्धि संझौताहरु पुनरावलोकन भई स्वदेशी उत्पादनको प्रतिष्पर्धात्मक क्षमताको अभिवृद्धि हुनको साथै आत्मनिर्भर अर्थतन्त्रको विकास भएको हुने। |

| क्र .सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| १९९. | एकिकृत र समन्वयात्मक क्रियाकलापको अभाव | कृषि क्षेत्रको विकास गर्न स्थिर बजार, पारदर्शी अनुदान, बिमा प्रणालीलाई कृषकमैत्री बनाई कार्यान्वयन गरिनु पर्ने। | कृषि क्षेत्रको विकास गर्न हाल यस क्षेत्रले भोगीरहेको बजारको समस्या , पारदर्शी अनुदान, बिमा प्रणालीलाई व्यवस्थित गर्न आवस्यक भएकोले । | कृषि क्षेत्रमा भएको अव्यवस्थितता हटी यस क्षेत्रमा गरिएको लगानी वास्तविक व्यक्ति र समुदायमा पुग्ने। |
| २०० | प्रभावकारी नभएको | कृषि क्षेत्रमा प्रवाह हुने अनुदान वास्तविक किसानसम्म पुऱ्याई दुरुपयोग रोक्न अनुदानलाई उत्पादनसंग आवद्ध गर्ने, वितरणमा डिजिटल प्रविधिको प्रयोग गरिनु पर्दछ। | कृषि क्षेत्रमा प्रवाह हुने अनुदानको वास्तविक दुरुपयोग रोकी वास्तविक किसानसम्म अनुदान पुऱ्याउनको लागि आवस्यक भएकोले। | कृषि क्षेत्रमा प्रवाह हुने अनुदान वास्तविक किसानलाई उपलब्ध हुने र यसको दुरुपयोग रोकिने। |
| २०१. | अर्गानिक प्रमाणीकरण र प्रशोधन केन्द्रको अभाव | कृषि उपजको अर्गानिक प्रमाणीकरण र ल्याब परीक्षणमा लाग्ने उच्च शुल्कमा सरकारले विशेष अनुदान दिनुपर्छ। साथै निर्यातयोग्य कृषि उपज (चिया, कफी, अलैंची, अदुवा लगायतका वस्तु) को सरकारी-निजी साझेदारीमा Common Processing Center स्थापना गरिनु पर्दछ । | नेपालमा नगदे वाली र उच्च मूल्य भएका कृषिजन्य वस्तुको उत्पादन, आपूर्ति र निकासीको उच्च संभावना भएको हुँदा सोको लागि आवस्यक पर्ने प्रशोधन केन्द्र, प्रमाणीकरण गर्ने निकाय, चिस्यान केन्द्र, उपयुक्त भण्डारणको व्यवस्था गरी समग्र कृषिक्षेत्रको विकास गर्न। | नगदे वाली र उच्च मूल्य भएका कृषिजन्य वस्तुको उत्पादन अभिवृद्धि भई थप रोजगारी सिर्जना र आयात प्रष्थािपन भएको हुने। |
| २०२. | प्रभावकारी नभएको | कृषि बीमाको प्रिमियममा सरकारले दिने अनुदानलाई निरन्तरता दिँदै दाबी प्रक्रियालाई स्वचालित र सरल बनाउनुपर्ने। | दैवी प्रकोप वा रोगब्याधिबाट हुने आर्थिक जोखिमबाट किसानलाई बचाउन। | कृषि उत्पादन प्रोत्साहित हुनुको साथै आधुनिक र व्यवसायिक कृषि प्रणाली प्रोत्साहित र प्रवर्द्धित भएको हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| २०३. | पर्याप्त र प्रभावकारी नभएको | कृषिजन्य उद्योगको स्थापना, विकास र विस्तारको लागि सुरक्षित भण्डारण, चिस्यान केन्द्र, प्रशोधन केन्द्र लगायतका पुर्वाधार निर्माणको लागि आवस्यक कर छुट लगायत अन्य प्रोत्साहन प्याकेजहरु प्रदान गरिनु पर्दछ। | कृषि क्षेत्रको विकास र विस्तार गरी कृषिमा आत्मनिर्भर बन्न र बढ्दो आयात प्रतिष्ठापन गरी थप रोजगारी सिर्जना र आय आर्जन बढाउन। | मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान बढी आयात प्रतिष्ठापन र निकासी प्रवर्द्धन भएको हुने। |
| २०४ | प्रभावकारी नभएको | कृषि क्षेत्रमा प्रवाह हुने अनुदान वास्तविक किसानसम्म पुर्‍याई दुरुपयोग रोक्न अनुदानलाई उत्पादनसंग आवद्ध गर्ने, वितरणमा डिजिटल प्रविधिको प्रयोग गरिनु पर्दछ। | कृषि क्षेत्रमा प्रवाह हुने अनुदानको वास्तविक दुरुपयोग रोकी वास्तविक किसानसम्म अनुदान पुर्‍याउनको लागि आवस्यक भएकोले। | कृषि क्षेत्रमा प्रवाह हुने अनुदान वास्तविक किसानलाई उपलब्ध हुने र यसको दुरुपयोग रोकिने। |
| **व्यापार तथा निर्यात प्रवर्द्धन** | | | | |
| २०५ | नभएको | एलडिसी ग्राजुएशन पछि युरोप लगायत विकसित मुलुकमा हुने निर्यात प्रभावित हुन नदिन आवश्यक सबै तयारी गरिनु पर्छ। | एलडिसी ग्राजुएशन पछि मुलुकको निकाशी व्यापारमा आईपर्ने चुनौतीको सामना गरी निकाशी व्यापारलाई अन्तरराष्ट्रिय जगतमा प्रतिष्पर्धि बनाईरहन। | एलडिसी ग्राजुएशन पछि पर्ने प्रभाव न्युनिकरण भई नेपालको निकाशी व्यापार अझ प्रतिष्पर्धि भई रोजगारी वृद्धि हुने। |
| २०६. | नभएको | निर्यात प्रवर्द्धनको लागि नेपालको पहुँच भएका बन्दरगाह नजिक पर्ने स्थान चयन गरी विशेष आर्थिक क्षेत्र र निर्यात प्रशोधन केन्द्र स्थापना गरिनु पर्दछ। | निर्यात प्रवर्द्धन गर्न नेपालको Doing business cost र Logistic cost बढी भई लागत प्रतिष्पर्धि हुन नसकेको हुँदा सो समस्या समाधान गर्न। | निर्यात क्षेत्र प्रोत्साहित भई निकासी अभिवृद्धि हुने र थप रोजगारी सिर्जना भएको हुने्। |
| २०७ | नभएको | निर्यात अनुदान प्रदान गर्ने व्यवस्थालाई निरन्ताता दिंदै निर्यात भएको ३५ दिन भित्र स्वचालित रुपमा बैकमा जम्मा हुने व्यवस्था गरिनु पर्दछ। | निर्यात प्रवर्द्धन गरी नेपालको वैदेशिक व्यापारको बढदो असन्तुलन कम गर्दै निकाशीजन्य वस्तुको उत्पादन अभिवृद्धि गर्न। | निकाशी प्रवर्द्धन भई यस क्षेत्रमा थप रोजगारी र विदेशी मूद्राको आर्जन बढ्ने। |
| २०८ | व्यवस्था नभएको। | निर्यात क्रेडिट इन्सोरेन्सको व्यवस्था गरिनु पर्ने। | निर्यात अभिबृद्धि गर्नको लागि। | निर्यात अभिबृद्धि हुने। |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| २०९ | निर्यातमा नगद अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधिले निकासीलाई मात्रै नगद अनुदानको व्यवस्था गरेको । | उद्योगले आफनो उत्पादन स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा (Deemed Export) बिक्री गरेमा यस्तो बिक्रीलाई समेत निकासीमूलक उद्योगको निर्यात सरह मानी अनुदान सुविधा पाउने व्यवस्था गरिनु पर्ने । | मुलुक भित्र सञ्चालन हुने वैदेशिक ऋण सहायताका आयोजना तथा अन्य निकायहरुलाई आफ्नो उत्पादन स्वदेशमै परिवर्त्य विदेशी मुद्रा (Deemed Export) मा बिक्री गरी निकासी सरहको सुविधा उपलब्ध गराउन । | यस्ता आयोजनामा खपत हुने सामाग्रीहरु उत्पादन गर्ने उद्योगको लागत घट्न गई त्यस्ता उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुने र आयात समेत प्रतिस्थापन हुन्छ । |
| २१०. | आंशिक रुपमा कार्यान्वयनमा रहेको । | नेपालबाट भारत निर्यात हुने वस्तुहरुमा नेपालकै गुणस्तर प्रमाण चिन्हलाई मान्यता दिने व्यवस्था शुरु भएकोमा यसलाई विस्तार गरिनु पर्दछ । | भारतीय गुणस्तर (BIS) प्राप्त गर्ने, नविकरण गर्ने प्रक्रिया झन्झटिलो भएकोले नेपालबाट भारत निर्यात हुने वस्तुहरुको निकाशी अवरुद्ध भई रहने हुनाले यसलाई सरलीकरण गरी निकासी सहज बनाउन । | नेपालबाट भारत निर्यात हुने वस्तुहरुको निकाशी सहज भई भारतसंगको व्यापार घाटा कम हुने र उत्पादन अभिवृद्धिमा सहयोग पुग्ने । |
| २११. | नभएको | नेपालका प्रयोगशालालाई अन्तरराष्ट्रिय मान्यताप्राप्त प्रयोगशालाको रुपमा स्तरिकरण गरि ँफष्नबतष्यल ऋभचतषष्अबतष्यल प्रारम्भ गरिनु पर्ने । | निकासी अभिवृद्धिको लागि अन्तरराष्ट्रिय स्तरको मान्यताप्राप्त प्रयोगशाला लगायत अन्य प्रमाणीकरण संयन्त्रको अभाव भएका हुँदा सो सम्वन्धि पुर्वाधार तयार गर्न । | अन्तरराष्ट्रियस्तरको मान्यताप्राप्त प्रयोगशालाको अभाव समाधान भई निकासी अभिवृद्धि हुने । |
| २१२. | हाल व्यबस्था नभएको । | नेपाल सरकारबाट संचालनमा ल्याएको अनलाईन पोर्टल नेपाल राष्ट्रिय एकद्वार प्रणाली एग्जिम कोड भएका ब्यवसायीहरुले मात्र प्रयोग गर्न सक्ने प्रावधानलाई परिमार्जन गरि प्यान नं भएकाले पनि प्रयोग गर्न सकिने ब्यवस्था गरिनु पर्दछ । | रु २० लाखसम्मको निर्यातजन्य कारोवार प्यानबाटै हुने गरेकोले धेरैजसो व्यवशायी एक्जीम कोड नलिई प्यानमा दर्ता भएको आधारमा मात्र कारोवार गरिरहेको तर NNSW मा पहुँच नपाई असुविधा भएको हुँदा सहजीकरण गरी प्रणालीमा पहुँच दिन । | साना तथा मझौला व्यबसायीहरू लाभान्वित भई निकासी प्रवर्द्धनमा सहयोग हुने । |
| २१३. | नभएको | निर्यातबाट प्राप्त आयमा गत विगत वर्ष बमोजिमकै पचास प्रतिशतको आयकर छुट व्यवस्था हुनुपर्ने | निर्यातजन्य उद्योगहरुको विस्तार गरी निर्यात प्रवर्द्धन गर्नु | निर्यात प्रवर्द्धन र थप रोजगारी सिर्जना हुने । |
| **उर्जा** | | | | |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| २१४. | नभएको | विद्युत ऐन २०४९ मा २०८२ असार मसान्त भित्र जलविद्युत आयोजना निर्माण गरी सञ्चालन गर्ने कम्पनीहरूलाई १० वर्षसम्म पूरै तथा १० देखि १५ वर्षसम्म ५० प्रतिशतका दरले आयकरमा छुट पाउने र मूअक फिर्ता दिने व्यवस्था भएकोमा, सो समय सीमालाई १० वर्ष थप गरी २०९२ सम्म विस्तार गरिनु पर्दछ। | नेपाल भारत बीच १० हजार मेगावाट विद्युत बिक्री सम्झौता भएको परिप्रेक्ष्यमा लक्ष्य अनुसार विद्युत निकाशी गरी आन्तरिक माग समेत परिपुर्ति गर्न थप विद्युत उत्पादन गर्नु पर्ने भएकोले विद्युत ऐन २०४९ मा भएको कर छुटको व्यववस्थालाई २०९२ सम्म विस्तार गरि स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रोत्साहित गर्न । | नेपाल भारत बीच भएको विद्युत बिक्री सम्झौता अनुसार विद्युत उत्पादनको लागि आवस्यक लगानी जुटाउन सहज हुने र आन्तरिक माग परिपुर्ति गरी निरन्तर विद्यूत आपूर्ति हुने । |
| २१५. | नभएको | Pumped स्टोरेज जलविद्युत् परियोजनाका लागि छुट्टै नीतिगत व्यवस्था गर्ने । | Pump Storage परियोजनाका लागि विशेष नीति तथा नियामकीय ढाँचा जारी गर्ने। | Pump Storage परियोजनाले विद्युत आपूर्ति र मागबीच सन्तुलन कायम गर्न मद्दत गर्छ, कम माग हुने समयमा अतिरिक्त ऊर्जा सञ्चय गर्न सक्षम बनाउँछ र विद्युत प्रणालीलाई स्थिर बनाउन सहयोग गर्छ । स्पष्ट नीतिगत ढाँचा स्थापना गर्दा यस्तो ग्रिड सन्तुलन पूर्वाधारमा लगानी आकर्षित हुनेछ, जुन नेपालमा नवीकरणीय ऊर्जा क्षमता विस्तारसँगै अझ महत्वपूर्ण हुँदै जान्छ। |
| २१६. | प्रभावकारी नभएको | जलविद्युत परियोजनाहरुलाई पिपिए प्रदान गर्दा टेक अर पे व्यवस्था बमोजिम मात्र प्रदान गर्ने । | टेक अर पे र टेक एण्ड पे मा विवाद आईरहने भएकोले त्यसको दीर्घकालिन समाधान गरी लगानी सुनिश्चित गर्न । | उर्जा क्षेत्रमा लगानी जुटाउन सहज भई यस क्षेत्रको विकास हुने । |

| क्र.सं | हालको व्यवस्था | संशोधन/थप हुनु पर्ने प्रस्तावित व्यवस्था | संशोधन/थप व्यवस्था हुनुपर्ने कारण | संशोधन/थप पश्चात पर्ने प्रभाव |
|---|---|---|---|---|
| २१७. | पर्याप्त नभएको | जलाशययुक्त आयोजनाहरूको निर्माणमा निजीक्षेत्रको लगानी आकर्षित गरी निर्माणलाई प्राथमिकता दिन थप कर छुट सहितको सुविधा र आयोजना निर्माणको लागि जग्गा प्राप्ति, सडकको पहुँच लगायतका पूर्वाधारहरु उपलब्ध गराई, प्रसारण लाइन निर्माणको कार्य निजी क्षेत्रलाई प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ। | रन अफ द रिभर आयोजना मात्र निर्माण भईरहेको परिप्रेक्षमा विद्युत आपूर्तिको स्थायित्वको लागि आवस्यक पर्ने जलाशययुक्त आयोजनाहरूको निर्माणमा निजीक्षेत्रको लगानी आकर्षित गर्न प्रचलित सुविधाहरु अपर्याप्त भएको हुँदा थप सुविधाहरु व्यवस्था गर्न। | जलाशययुक्त आयोजनाहरू निर्माणमा लगानी जुट्ने र नेपालको विद्युत उत्पादन र वितरण विस्वस्नीय भई निकाशी अभिवृद्धि गर्न सहयोग पुग्ने। |
| २१८. | पर्याप्त र स्पष्ट नभएको | जलविद्युत् परियोजनाहरू, विशेष गरी रणनीतिक रूपमा महत्वपूर्ण परियोजनाहरूका लागि प्राथमिकता क्षेत्रको ऋण सीमा वा क्षेत्रीय लगानी सीमा बढाउने। | जलविद्युत् परियोजनाहरू ठूलो र दीर्घकालीन वित्तीय स्रोतको आवश्यकता पर्ने भएकाले प्रायः व्यक्तिगत बैंकहरूको ऋण क्षमताभन्दा बढी हुन्छ। | ऋण सीमा वा प्राथमिकता क्षेत्रको lending threshold बढाउँदा जलविद्युत विकासको लागि वित्तीय समर्थन बढ्नेछ र ऊर्जा पूर्वाधार विकास तीव्र हुनेछ। |